# अध्याय - एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बालविकास कार्यक्रम वा बालविकास केन्द्र भनेर एक कक्षामा भर्नाहुनु अघी बालबालिकालाई शिक्षा दिइने उद्येश्यले निर्माण गरिएका शैक्षिक केन्द्रहरु हुन् । पूर्वप्राथमिक शिक्षाका नामबाट पनि चिन्न सकिने यस्ता केन्द्रहरुमा ३ देखि ५ वर्ष सम्मका बालबालिकाहरुलाई ज्ञान, सीप प्रदान गरिन्छ । हाल यसलाई नर्सरी शिक्षा, शिशुकक्षा, के. जी. बालशिक्षा आदि नामले चिनिन्छ । प्रारम्भिक बाल्यावस्थालाई मानवीय क्षमता विकासको एक महत्वपूर्ण चरण मानिन्छ । यस अवस्थाका बालबालिकालाई उचित स्याहार सुसार र शिक्षा दिक्षाको आवश्यकता पर्दछ । प्रारम्भिक वाल विकास अन्तर्गत घर तथा समुदायमा बालबालिकाको स्याहार सामाजिकिकरण र शिक्षालाई अघाडी बनाउने खालका सेवाहरु समावेश भएका हुन्छन् । जसले बालबालिकाको सर्वाङ्गीण (शारीरिक, वौद्धिक, सामाजिक, संवेगात्मक ) विकासमा सहयोग पुऱ्याउँछ । मानव विकासका शुरुका वर्षदेखि नै उपयुक्त वातावरण सिर्जना गर्न सकेमा बालबालिकाहरुलाई पूर्ण व्यक्तित्व विकास गर्न सजिलो हुन्छ भन्नेकुरा धेरै पहिले देखि नै विभिन्न देशका विद्धानहरुले सोच्ने गरेको पाइन्छ । तिनीहरुको भनाइ अनुसार शिक्षाको मूल उद्येश्य बालबालिकाहरुको क्षमता तथा जन्मजात प्रतिभाको विकास गर्नु हो । यसका साथै बालबालिकाहरुलाई दिने शिक्षा उनीहरुको विकास क्रमको आधारमा हुनुपर्छ । (ढुङ्गाना, २०६३)

### १.१.१ बाल विकास शिक्षाको ऐतिहासिक सन्दर्भ

पूर्वप्राथमिक विद्यालयको सुरुवात युरोपमा औद्योगिक क्रान्तिको समयमा भयो । औद्योगिक क्रान्तिले गर्दा कामदारहरुको माग अत्याधिक बढ्यो । पुरुष कामदारले मात्र नपुगेपछि महिलाहरुले पनि कारखानामा काम पाए । पुरानो सामाजिक संरचनामा परिवर्तन भयो । संयुक्त परिवार प्रथा विस्तारै विलिन भयो । औद्योगिक क्रान्ति पछि संयुक्त परिवारहरुमा बालबालिकाको हेरचाह परिवारका अन्य सदस्यहरुले गर्नुपरेर हेरचाह गर्ने मान्छेको अभाव खट्किियो । त्यसैले रबर्ट ओवेनले सन् १८१६ मा स्कटल्याण्डको न्यूल्यानमार्कमा कारखानामा काम गर्ने महिलाका बालबालिकाहरुका लागि शिशु स्कुलको सुरुवात गरे । १८१९ मा स्यामुयल वाइल्डस्पीनले लन्डनमा र १८२८ मा थेरेसा बुन्सजिकले हङ्गेरीको बुडामा यस्तै शिशु कक्षा ‘एन्जेल गार्डेन’ खोले । सन् १८३७ मा फ्रोबेलले ‘प्ले एण्ड एक्टिभिटी इन्स्टिच्युट’ को स्थापना गरे । सन् १८४० मा त्यहि संस्थाको नाम परिबर्तन गरी किण्डरगार्टेन राखे । फ्रोबेलद्वारा प्रशिक्षित महिलाहरुले युरोपका विभिन्न शहर तथा विश्वका अन्य मुलुकहरुमा ‘किण्डर गार्डेन’ को विस्तार र विकासमा योगदान गरे । (शिक्षा मासिक, २०६८)

हाल नेपालमा यस्ता संस्थाहरु शिशु स्याहार, पूर्व प्रा.वि., शिशु कक्षा, बालविकास, प्रारम्भिक बालविकास आदि विभिन्न नामले चिनिन्छन् । यिनमा मन्टेसरी, किण्डर गार्टेन, लगायत अन्य प्रचलित शिक्षण विधिहरुको पनि प्रयोग हुने गरेको पाइन्छ । मनोवैज्ञानिकहरुले मानिसको २ देखि ६ बर्षको उमेर अवधिलाई पूर्व वाल्यावस्था भनेका छन् । शिक्षा विदहरु यसलाई विद्यालय प्रवेश पूर्वको अवस्थाको रुपमा लिन्छन् । पूर्वप्राथमिक विद्यालय वा बालविकासकेन्द्रमा बालबालिकाहरुलाई विद्यालय प्रवेशका लागि तयार पारिन्छ । शिक्षा बालबालिकाको सर्वाङ्गीण विकासका लागि हुनु पर्ने मान्यता कायम भएपछि बालबालिकाका सबै पक्षहरुको खोजविन गर्न थालियो । बालबालिकाको विकासलाई व्यवस्थित ढङ्गले अध्ययन गर्न र सिकाइ प्रक्रियालाई व्यवस्थित गर्नका लागि बालविकासलाई तपशील वमोजिमका चार पक्षमा विभाजन गरिएको छ :

क) शारीरिक विकास
ख) सामाजिक विकास
ग) बौद्धिक विकास
घ) संवेगात्मक विकास

(शिक्षक मासिक, २०६८)

## १.१.२ नेपालमा बाल विकास शिक्षा सम्बन्धी भएका प्रयासहरु

सबैका लागि शिक्षा, शहस्राब्दी लक्ष्यमा शिक्षा,विश्व परिदृश्यका लागि शिक्षा जस्ता शैक्षिक क्षेत्रका विश्वव्यापी नारा अनुरुप नेपालमा पनि बालविकास केन्द्रहरु सन्चालन हुँदै आएका छन् । बालविकासकेन्द्रको प्रारम्भ हाम्रो नेपालमा यही समयबाट शुरु भएको भन्न नसकिए पनि “मन्टेश्वरी स्कुल” भनेर वि. सं. २००५ साल भाद्र ९ गते सदनबाट काठमाण्डौमा पहिलो पूर्वप्राथमिक मन्टेश्वरी स्कुलको स्थापना भएको हो । त्यसका लागि भारतबाट झिकाइएका के. यु. भाम्रा र उनकी श्रीमती मोहनी देवी भाम्रालाई क्रमश: प्रधानाध्यापक र शिक्षकमा नियुक्त गरिएको थियो । मन्टेश्वरी आदर्श र सिद्धान्तमा शिक्षकलाई तालिम दिई अरु स्कुलमा पनि विस्तार गर्न विभिन्न स्कुलका शिक्षकलाई तालिम दिइएको थियो । ती शिक्षकहरुमा सर्वश्री खडानन्द उपाध्याय, नीरमदन बस्नेत, दामोदर राजभण्डारी र तुलसी बहादुर सिंह थिए । काठमाण्डौ स्थित उक्त मन्टेश्वरी स्कुलका मुख्य लक्ष्यहरु यसरी उल्लेख गरिएको थियो । (शर्मा, २०६२)

क) बालकको अन्तरस्थानमा मौजुद स्वर्गीय नियमहरु चालुछन् र बालकहरुलाईयिनै स्वर्गीय नियमानुसार बढ्न विकसितहुन र फल्नफुल्न दिनु ।

ख) बालिगले यी चालु नियमहरु बुझ्न र बालकको अन्तरस्थानमा रहेको दैनिक आत्मा बुझी बालकको सेवा गरेर आफ्नो परिपालन गर्नु ।

(शर्मा, २०६२)

पछि, त्यस स्कुलमा मद्रासको Adyar बाट मन्टेश्वरीमा तालिम प्राप्त सुश्री चन्द्रा महत र विष्णुदाहाललाई नियुक्ति गरिएको थियो । मन्टेश्वरी तालिम प्राप्त गरिसकेकाशिक्षक तुलसी बहादुर सिंहलाई पनि त्यही स्कुलमा सरुवा गरिएको थियो । (शर्मा, २०६२)

त्यसैगरी वि.स.२०१२ सालमा तुलसी बहादुर सिंह पद्मकन्या विद्याश्रम, काजमा खटिई गएकाले निज फिर्ता नआएसम्म अपर ग्रेड बन्द गर्नुपरेको कुरा जनाई हेड मिष्ट्रेसले पत्र लेखेको देखिन्छ । मन्टेश्वरी स्कुलले कक्षा ५ चालू गर्न डाइरेक्टर अफिसमा पत्राचार गर्दा डाइरेक्टर अफिसबाट समेत मन्टेश्वरी स्कुल कहिले खुलेको हो ? हाइस्कुलमा कुन कक्षाबाट पढाइ सुरु गरिएको छ ? बुझी कारबाही गर्न श्री डी.ई. अफिस सदर जोन नं. ३ लाई २०१४।११।३।६ मा पत्राचार गर्दा डाइरेक्टर अफिसलाई त्यति कुराको रेकर्ड र जानकारी नहुनु आश्चर्य मान्नुपर्ने देखिन्छ । त्यसपछि मन्टेश्वरी स्कुल बन्द भएको हो । यसरी नेपालमा बालविकास शिक्षा सुरुवात भएको पाइन्छ । (शर्मा, २०६२)

यसपछि बालविकास शिक्षा क्रमशः विकास हुँदै अहिले शिशु कक्षा, K.G., पूर्वविद्यालयीय शिक्षा आदिका नाममा चलेको छ र यसले विद्यालयको त्यसमा पनि सुरुवातमा एक कक्षामा नै पारेको प्रभाव यहाँ पत्ता लगाउने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

प्रारम्भिक बालशिक्षा तथा बाल विकास कार्यक्रमका लागि नीति निर्देश गर्न शिक्षा मन्त्रालयमा सचिवको अध्यक्षतामा प्रारम्भिक बाल शिक्षा तथा विकास परिषद्को गठन भएको छ । केन्द्रीय तहमा अन्तर मन्त्रालय तथा अन्तर निकायबीच सबै प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमहरुको समन्वय गर्नका लागि राष्ट्रिय योजना आयोगले एउटा समन्वय समिति निर्माण गरेकोछ । जिल्ला तहमा पनि प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लागि नीति कार्यान्वयन गर्न, समन्वय गर्न तथा निरीक्षण र अनुगमन गर्न जिल्ला विकास समिति अन्तर्गत प्रारम्भिक बाल शिक्षा तथा विकास समितिको व्यवस्था गरिएको छ भनी प्राथमिक शिक्षा पाठ्यक्रममा उल्लेख गरिएको छ । (पा.वि.के., २०६३)

यसरी विकसित हुँदै गरेको बाल विकास कार्यक्रमबाट वा राज्यको नै लगानीबाट के कस्तो उपलब्धि भएको छ ? वा बाल विकास कार्यक्रम आफैमा कतिको प्रभावकारी छ ? अनुगमन, निरिक्षण, अवलोकन तथा अनुसन्धान हुनुआवश्यक छ । गा.वि.स. तथा जि.वि.स. मा प्राप्त बजेट मध्ये १० प्रतिशत अनिवार्य शिशुकक्षामा लागु गर्नुपर्ने भन्ने अवधारणा आएपनि योजना, व्यवथापन, निर्देशन आदिका अभावले के कस्तो छ र हुँदैछ यो प्रष्ट हुन सकेको छैन । कुनै क्षेत्रमा आवश्यक पूर्वाधारको अभावमा बालविकास कार्यक्रम सन्चालन नभई बच्चाहरु सिधै एक कक्षामा भर्नाहुन आएको देखिन्छ भने कतै बाल विकास केन्द्रमा उपयुक्त समय सम्म भर्ना भई ५बर्ष पुगेपछि एक कक्षामा भर्नाहुन आउने गरेको पाइन्छ । यसबाट के कुरा अस्पष्ट हुन्छ भने बाल विकास केन्द्रबाट एक कक्षामा आउने

बच्चाहरुको सिधै एक कक्षामा भर्नाहुन आउनेको भन्दा शैक्षिक गुणस्तर वा ज्ञानको अवस्था बढी छ या छैन ? त्यस प्रश्नबाट के बुझिन्छ भने बाल विकास कार्यक्रमको प्रभावकारीता वा बाल विकास केन्द्रबाट एक कक्षामा आउने र परिवारबाट सिधै एक कक्षामा भर्ना हुन आउनेको उपलब्धि लेखाजोखा गर्नु जरुरत देखिन्छ । त्यसै कारणले बाल विकास कार्यक्रमले कक्षा एकको सिकाइमा पारेको प्रभाव के कस्तो छ पहिचान गर्ने उद्येश्यका साथ यो अध्ययन गर्ने कोशिस गरिएको छ ।

शिक्षा बिभागले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था संगको समन्वयमा बालविकास कार्यक्रम कार्यान्वयन गरिएको छ । यसका लागि विभागले साझेदार निकायहरु संग प्राविधिक र आर्थिक सहयोगका लागि सम्झौता गरेको छ । विभागले बालविकास केन्द्रहरुका लागि बार्षिक एकमुष्ट रकम अनुदानका रुपमा प्रदान गर्छ । त्यसैगरी पाठ्यक्रम विकास केन्द्र शैक्षिक जनशक्ति विकास केन्द्रले आफ्नो-आफ्नो क्षेत्रबाट पाठ्यक्रम निर्माण, सहयोगी कार्यकर्ताको तालिम, मूल्याङ्कन जस्ता प्राविधिक क्षेत्रमा सहयोग प्रदान गर्दछन् ।

यसरी हरेक क्षेत्रबाट सहयोग र सहकार्यमा चलेको बालविकास कार्यक्रम कतिको उपलब्धि मूलक र प्रभावकारी छ ? साथै किन कुनै समुदायमा बालविकास कार्यक्रम सन्चालन हुन सकेका छैनन् ? समुदायमा आधारित तथा विद्यालयमा आधारित बालविकास केन्द्रहरुको अवस्था के कस्तो छ ?एक कक्षाको सिकाइका निमित्त वा प्राथमिक तहमा आउनेबालबालिकाहरुका निमित्तबालविकास कार्यक्रम कति प्रभावकारी छ ? आदि  जिज्ञासाहरुले अध्यनका निमित्त उत्प्रेरणा थपेका छन् । त्यसै कारणले यो अध्यन यिनै प्रश्न, जिज्ञासा वा बुँदाहरुका वरिपरि रहको छ ।

यस्ता जिज्ञासाहरुले अध्ययनमा जागरुक बनाएका छन् । बालबालिकाको चौतर्फी विकास गर्न सकेका भए बालविकास केन्द्रबाट एक कक्षामा आएका बालबालिकाहरुको उपलब्धिस्तर स्वभावैले बढी हुन्छ र साथै नामका मात्र बालविकास केन्द्र वा सरकारी रकम पचाउन मात्र सन्चालन गरिएका भए एक कक्षाको सिकाइमा उक्त कार्यक्रमले कुनै प्रभाव पारेको हुँदैन । यस्तै तथ्यहरु पत्ता लगाउने आशयका साथ यो अध्ययन कार्य थालनी गरिएको छ र आशा छ ठोस तथ्य निकाल्न सकिएको छ ।

## १.३ अनुसन्धान प्रश्नहरु

बालविकास कार्यक्रमले कक्षा एकको सिकाइमा पारेको प्रभाव सम्बन्धी यस अनुसन्धानमा निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरु तय गरिएको थियो :

(क) बालविकास केन्द्रबाट र सिधै एक कक्षामा भर्ना हुन आउने बालबालिकाको शैक्षिक गुणस्तर वा ज्ञानको पक्ष तुलनात्मक रुपमा कम बढी के छ ?

(ख) बालविकास कार्यक्रम आफैँमा कतिको प्रभावकारी छ ?

(ग) बालविकास केन्द्रको अवस्था के–कस्तो छ ?

(घ) राज्यको प्रशस्तै लगानीमा चलेको बालविकास कार्यक्रमको उपलब्धि के कस्तो रहेको छ ?

(ङ) विद्यालयकै सहकार्यका रुपमा बालविकास केन्द्र रहेको छ त ?

## १.४ अध्ययनको औचित्य

सबैका लागि शिक्षा अन्तर्गत राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा उल्लेखित प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लक्ष्यहरुले नै विद्यालय क्षेत्र सुधार योजना का लागि प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यन्वयनका लागि आधार प्रदान गरेका छन् । हाल समुदायमा आधारित तथा मलुकभ्रि २८७७२ बालबिकास केन्द्र सन्चालित छन् । जसमध्ये विद्यालयमा आधारित पूर्वप्राथमिक कक्षा ११८९० र बांकी समुदायमा आधारित भई सन्चालित छन् । आर्थिक बर्ष २०६८।०६९ मा ५०० अरु खोल्ने घोषणा सरकारले गरेको छ । (फल्यास रिपोट २०११) यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास वा पूर्व प्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्न संस्थागत विद्यालयहरुको योगदान उल्लेखनीय रहेको छ ।

पूर्व बाल्यावस्थाका केटाकेटीहरु भर्खर-भर्खर स्कुल जाने उमेरका भएका हुन्छन् । अर्थात उनीहरुलाई औपचारिक शिक्षा थालनी गर्नु पूर्व विद्यालयको वातावरणमा सजिलै समायोजन गर्नका लागि पूर्व प्राथमिक विद्यालयमा भर्ना गर्ने गरिएको देखिन्छ । आफ्ना बालबालिकाहरुलाई पूर्व प्राथमिक विद्यालयमा पठाउने -नपठाउने निर्णय सम्बन्धित बालबालिकाका अभिभावकहरुलाई हुन्छ । त्यसैले अभिभावक भनेका बालबालिकाका प्रथम गुरुहरु हुन् । त्यसकारण अभिभावकहरुले आफ्ना बालबालिकाहरु पूर्व प्राथमिक विद्यालयमा समायोजन गर्न ठूलो भूमिका खेलेका हुन्छन् । यसबाट बालशिक्षा वा पूर्व प्राथमिक तहको शिक्षा प्रभावकारी हुन अभिभावकको चेतान स्तर वा विद्यालयमा आफ्ना बच्चाहरुलाई सानै देखि पठाउनुपर्छ भन्ने चेतना हुनु आवश्यक छ । अभिभावकको चेतना वा शैक्षिक स्तरले पनि बालविकास कार्यक्रमले ल्याएको प्रभावकारिता पत्तालगाउन सजिलो हुन्छ ।

कुनै पनि विषयवस्तुलाई अनुसन्धान र विश्लेषण गर्नुभन्दा पहिले त्यसको औचित्यलाई गहन र महत्वपूर्ण ढंगले पहिचान गर्न सकिएन भने अध्ययन पूर्ण असफल र निष्कर्ष बिहिन हुने कुरामा दुईमत छैन् । त्यसैले यस अध्ययनको औचित्यलाई निम्न बुँदामा प्रष्ट पार्ने प्रयास गरिएको छ :-

क) बालविकास कार्यक्रमको प्रभावकारिता पत्तालगाउन यस अध्ययनले सहयोग पुर्‍याउने छ ।

ख) बालविकास केन्द्रबाट एक कक्षामा भर्ना हुन आएका र सिधै एक कक्षामाआएका बालबालिकाहरुको उपलब्धि तुलना गरी बालविकास कार्यक्रमउपयुक्तता पत्तालगाउन सहयोगी हुनेछ ।

ग) एक कक्षाका विद्यार्थीको शैक्षिक प्रभावमा बालविकास कार्यक्रम कतिहद सम्मउपयुक्त छ भनी पत्तालगाउन सहयोग मिल्ने छ ।

घ) बालविकास कार्यक्रम नभए सांचै प्राथमिक शिक्षा असजिलो हुन्छ ? पहिचाहनगर्न यो अध्ययन सहयोगी हुनेछ ।

## १.५ अध्ययनको उद्देश्य

कुनै पनि कार्यक्रम एउटा निश्चित उद्देश्य प्राप्तीका लागि सन्चालन गरिन्छ । लक्ष्यमा पुग्ने प्रभावकारी माध्यम नै उद्देश्य हो । उद्देश्य विहिन कुनै पनि कार्यक्रम अन्योल र अस्त-व्यस्त हुन्छ साथै लगाम नभएको घोडा सरह हुन्छ । पुग्ने विन्दु पत्तालगाई आवश्यक गन्तव्यको खोजी गर्ने र पुग्ने बाटो पुग्ने माध्यम उद्देश्य हो । त्यसैले यस अध्ययनमा कार्यको पनि निश्चित उद्देश्य रहेको छ । प्राप्ति बिन्दुमा पुग्न सहयोग गर्ने उद्देश्य नभए कुनै पनि कार्यक्रम अन्योल हुने भएकोले यस अध्ययन कार्यको निम्न उद्देश्यहरु राखिएको छ :-

क) कक्षा एकमा बालविकास केन्द्रबाट आएका र सिधै एक कक्षामा आएका बालबालिकाहरुको सिकाइ उपलब्धि तुलना गर्नु ।

ख) बालविकास केन्द्र कार्यक्रमले कक्षा एकको बाल बालिकाको सिकाइमा पारेको प्रभाव पत्तालगाउनु ।

## १.६ परिकल्पना

यो अध्ययन निम्न परिकल्पनामा आधारित रहेको छ :

(क) बालविकास कार्यक्रम अन्तर्गत बालशिक्षा प्राप्त र बालशिक्षा अप्राप्त बालबालिकाहरुको सिकाइ उपलब्धिहरुमा सार्थक भिन्नता छ ।

## १.७ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययनका लागि समसामयिक मुद्दा तथा विषयवस्तुहरु साथै उपयुक्त शीर्षकहरु हुँदा-हुँदै पनि समय अभाव, आर्थिक कठिनाइ, भौगोलिक विकटता, साथै अन्य पक्षहरुमा आउने कठिनाइहरुका कारणले गर्दा सबै ठाउमा गई अध्यन गर्न सकिंदैन । त्यसैले अध्ययनकार्य के-कति कहां र कसरी गर्ने भन्नका लागि अध्ययन क्षेत्र निश्चित गर्नु आवश्यक छ । रहर भएर पनि र जिज्ञासा उत्पन्न हुँदा-हुदै पनि अनुसन्धान कार्यका लागि कुनै उपयुक्त एक ठाउँ छनोट गर्नु आवश्यक छ । त्यसैले यस अध्ययन कार्यको

सिमा तथा सिमाङ्कन गर्नु आवश्यक परेकोले अध्ययन कार्यका लागि निम्न सिमाहरु कायम गरिएको छ वा यो अध्ययन निम्न क्षेत्रमा मात्र सिमित रहेको छ :-

i) यो अध्ययन मध्यामान्चल विकासक्षेत्र अन्तरर्गत नारायणी अन्चलको मकवानपुर जिल्लाको उत्तरी क्षेत्रको पहाडी भूमिका दामन र पालुङ गा.वि.स. हरुमा रहेकोछ ।

ii) पहाडी भूमिका दामन र पालुङ गा.वि.स. भित्रका बालविकासकेन्द्र सन्चालन भएका विद्यालय तथा बालविकासकेन्द्र सन्चालन नभएका विद्यालयहरुमा यो अध्ययन कार्य गरिएको छ । विद्यालय छनोटमा गोलाप्रथाद्वारा छनोट गरी सिमित क्षेत्रमा मात्र अध्ययन गरिएको छ ।

iii) बालविकासकेन्द्र चलेका २ वटा विद्यालय तथा बालविकासकेन्द्र नचलाएका २ वटा विद्यालयहरुमा गई अध्ययन गरिएको छ ।

iv) तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि परीक्षण, अन्तरवार्ता, विद्यालयका अभिलेखजस्ता साधनको प्रयोग गरिएको छ ।

# अध्याय दुई
# पूर्व साहित्यको समीक्षा

यस अध्ययन कार्यसंग सम्बन्धित पूर्व अध्ययन कार्यहरुको अध्ययन गरी त्यसको समिक्षा गरिएको छ । हाल सम्म ज्ञात हुन आएका यस शीर्षकसंग केही हदसम्म सम्बन्धित पूर्व अध्ययनहरु निम्नानुसार पाइएको छ :-

## २.१ बालशिक्षाको विश्वव्यापी परिवेश

मन्टेसरी शिक्षा पद्दतिको जन्मदाता डा.मारिया मन्टेसरीको जन्म सन् १८७० मा इटलीको एन्कोवा शहरमा भएको थियो । उनी १९९६ मा एमडी गरेर पहिलो इटालियन महिला डाक्टर बनिन् । उनले सन् १९०१ मा ६ बर्ष सम्मका ५०/६० जना समस्यायुक्त केटाकेटीको हेरचाह/उपचारको जिम्मा पाइन् कुपोषणको सिकार भएका, लजालु, दुःखी र पढ्न असमर्थ ती गरिब केटाकेटीलाई स्नेह र मातृत्वसहित सिकाइमा लगाइन् मन्टेसरीले । त्यसबाट ती केटाकेटी राज्यस्तरको परीक्षामा साधारण केटाकेटी भन्दा धेरै गतिला ठहरिए । सही शिक्षाले शारीरिक तथा मानसिक रुपमा असक्त नानीहरुलाई पनि सक्षम बनाउछ भन्ने प्रमाणित भयो मन्टेसरीको प्रयोगबाट । १९०६ देखि डाक्टरी पेशा छाडेर मन्टेसरी पूरा समय बाल शिक्षामा समर्पित भइन् । उनले १९०७ को जनवरीमा रोमको सनलोरेन्जमा ६ वर्षसम्मका सामान्य बालबालिकाको लागि पहिलो मन्टेसरी स्कुल स्थापना गरिन् ।

युरोप, अमेरिका, अफ्रिका तथा एसियाली देशका बालबालिकाको वैज्ञानिक अध्यनबाट मन्टेसरीले डिस्कभरी अफ चाइल्ड, दि अक्सरवेन्ट माइन्ट, सेक्रेट अफ चाइल्डहुड लगायत दुई दर्जन भन्दा बढी चर्चित पुस्तकहरु लेखिन् । अभिभावक, शिक्षक, शिक्षाशास्त्री, सरकारी निकाय लगायत शिक्षाका सरोकारवालासंग 'बालशिक्षा''बालविकास' शिक्षक तथा अभिभावकहरुको दायित्व, 'कसरी बालकलाई सांच्चै मद्दत गर्न सकिन्छ'जस्ता विषयमा अनगिन्ती शिक्षक तालिम चलाइन् उनले । मन्टेसरीले बालबालिकाको विस्तृत अध्ययन गरेर मन्टेसरी शिक्षाको सूत्रपात गरिन् जुन आज विश्वभर चर्चितछ ।

शिक्षा दिनु भनेको बालबालिकामा निहित सम्भाव्यता उजागर गर्न मद्दत गर्नु हो । बच्चा जन्मीदा असीमित क्षमता लिएर आउँछ । हरेक बालबालिकासंग हुने एक खर्ब भन्दा बढी स्नायुकोशिका र शरीरको क्षमता असामान्य हुन्छ । ऊ भित्र जे पनि बन्न सक्ने सम्भावना हुन्छ । प्रकृतिप्रदत्त अनन्त शक्तिलाई हामीले दिएको शिक्षाले उजागर गर्न सहयोग गरेमात्र एउटा बालक यो शिक्षा प्रति पआभारी हुनेछ । हामीले शिक्षाले आफ्नो समाजसंग मिलेर सहज, सरल, सुखमय जीवन विताउन सक्ने बनाउनुपर्छ ।

मन्टेसरी शिक्षा प्राकृतिक शिक्षा हो । यो मानव विकाससंग सम्बन्धित छ । यसले मानव विकासको आधार उद्विकास (Evolution) लाई मानेको छ । बालविकासका लागि सिक्न/हुर्किन वातावरण प्रदान गर्नु नै शिक्षाको कार्य हो भन्ने विश्वास गरिन्छ ।यो प्रक्रियाको शिक्षा पद्दतिमा वातावरण प्रतिकूल भएमा कुनै पनि बालबालिकाले सिक्ने र हुर्कने उपयुक्त अवसर पाउँदैनन् । मन्टेसरी सिकाइ पद्दतिमा सबै बालबालिका उत्तिकै सक्षम हुन्छन् भन्ने ठानिएको हुन्छ ।

यस पद्दतिमा सिकाइको मात्रामा भन्दा गुणस्तरमा जोड दिइन्छ । बालबालिकाले स्व-अभ्यास, खोज र एकाग्रताको अभ्यासबाट सिक्न सक्ने वातावण सिर्जना गर्नु शिक्षकको कर्तव्य हुन्छ । बालबालिकाको मूल्याङ्कनको आधार मुख्यतः उनीहरुले हासिल गरेको सिप, व्यवहारगत परिर्वतन, परिपक्वता, आत्माविश्वास र आत्माअनुशासनलाई मानिएको हुन्छ । बालबिकासको सर्वाधिक महत्वपूर्ण चरण शुरुको ६ वर्षसम्म हो । यही उमेर समूहका लागि मन्टेसरी शिक्षा दिइन्छ । बच्चा जन्मदा शारीरिक रुपमामात्र आकार लिएको हुन्छ, आत्मिकरुपमा उसले आकार लिन बाँकी हुन्छ । त्यसैले बालबालिकाको हिँडाइ (गति), वोलाइ (भाषा), चालचलन (संस्कृति), ज्ञान र सीपको विकासगर्नु जरुरी हुन्छ र यसमा बालविकासकेन्द्रले सहयोग गर्नु पर्छ ।

बालबालिका कस्तो बन्ने भन्ने कुरा हाम्रो इच्छा वा चाहनामा भर पर्दैन । बरु हामीले उपलब्ध गराएको वातावरणलाई उपयोग गर्ने बालबालिकाको अभ्यासमा भरपर्दछ । त्यसैले मन्टेसरी शिक्षामा स्कुलको वातावरणलाई सर्वाधिक महत्व दिइन्छ ।

मन्टेसरीमा विभिन्न पारिवारिक वातावरणबाट आएका ३०/३५ जना बालबालिकाको मिश्रित समूह हुन्छ । ६वर्ष मुनिका बालबालिकाको पारिवारिक विविधता, फरक भाषा, संस्कृति, चालचलन फरक आर्थिक तथा शैक्षिक पृष्ठभूमिले मन्टेसरी कक्षा मिनि सोसाइटी नै बनेको हुन्छ । यही नानीहरुले आपसी सुझाव, स्नेह, आदर, सहयोग, धैर्य, शिष्टाचार जस्ता सामाजिकीकरणका गुणहरु प्रयोगात्मक रुपमा सिक्छन् ।

मन्टेसरीमा बालबालिकाले चलाउने वास्तविक सामग्रीहरु प्रयोग गरिन्छन् । नानीहरुले त्यहाँ काम गर्छन् र कामबाट भाषा, चाल, सीप तथा प्रवृति निर्माण गर्छन् । उनीहरुलाई झुक्याउनुपर्ने वा करगर्नुपर्ने प्राणीको रुपमा नभई एउटा योग्य व्यक्तिको रुपमा व्यवहार गरिन्छ । बालबालिकाले मन्टेसरी प्रकृयामा गल्ती गर्ने स्वतन्त्रता पाउँछन् । आफ्नो गल्ती पत्तालगाई आफैले सच्याउनुलाई वास्तविक सिकाइ मानिएको हुन्छ । बालबालिकाले आत्माविश्वास, आत्मनिर्भरता र जिम्वेवारीको विकास शैक्षिक तथा खेल सामग्रीको प्रयोगबाट गरिरहेका हुन्छन् ।

मन्टेसरी वातावरणमा भाषा, गणित, विज्ञान, कला संस्कृति, भूगोल, इतिहास सम्बन्धी ज्ञान, सीप र प्रवृति विकास गर्ने सामग्रीहरु राखिएको हुन्छ । शिक्षकले ती सामग्री प्रयोग गर्ने तरिका व्यक्तिगत

रुपमा नानीहरुलाई देखाउँछन् । सामग्री तीनसय भन्दा धेरै हुनुपर्छ । मन्टेसरी प्रक्रियामा नानीहरु आधारभूत नियम पालना गर्दै ती सामग्रीमा खेलिरहेका हुन्छन् ।

यसले बालविकासमा सहयोग पुऱ्याउँछ । एकाग्रता र दोहोऱ्याउने क्रममा अवरोध नहुने भएकोले बालबालिकामा कुनै किसिमको विचलन र नकारात्मक संवेगहरु पैदा हुन पाउदैनन् । विचलनका कुनै लक्षण देखिए पनि ती आफै हट्छन् । नानीहरुमा आत्मनिर्भरता जिम्वेवारी बोध, सहयोगी भावना, आत्मविश्वास, धैर्य, इमानदारी जस्ता सकरात्मक प्रवृत्तिको विकास गराउँछ मन्टेसरी शिक्षाले ।

मन्टेसरी सिकाइका क्षेत्रहरु चाहि दैनिक जीवनमा प्रयोग हुने क्रियाकलाप, ज्ञानेन्द्रियलाई सशक्त बनाउने क्रियाकलाप, गणित, भाषा, विज्ञान, भूगोल र कला संकृति सम्बन्धी खोजमूलक क्रियाकलापमा विस्तारित भएका हुन्छन् । नानीहरुले त्यहाँ असीमित अवसर पाउँछन् आफै सिक्नका लागि त्यसै कारण मन्टेसरी शिक्षा प्रभावकारीछ भनिएको हो ।

मन्टेसरी शिक्षामा शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षकले वातावरण निर्माण गर्ने, नानीहरुको अध्ययन गर्ने, विकासको अवस्था हरी सहयोग पुग्ने क्रियाकलाप प्रस्तुतगर्ने सामाजिक गुणहरुको विकासमा मद्दत तथा सामाजिक शिष्टतानिर्माण गर्ने क्रियाकलाप प्रस्तुत गर्नुपर्छ । बालबिकासको अद्यावधिक अभिलेख राख्ने अभिभावकसंग तिनका बालबालिका बारे छलफल गर्ने र उनीहरुलाई परामर्श दिने लगायतका महत्वपूर्ण जिम्वेवारी वहन गर्नुपर्ने हुन्छ । नानीहरुलाई सधैं स्नेहमय वातावरण प्रदान गर्नु र उनीहरुमा हुने असीमित योग्यताको आदर गर्नु शिक्षकको पेशागत धर्म हुन्छ । बाल क्रियाकलापको क्रममा हुने गल्ती उनीहरुलाई नै सच्याउने अवसर दिनुपर्छ । यी कार्य सुन्दा सजिलो देखिए पनि ३०/३५ जना नानीहरुलाई स्वतन्त्रताको माध्यमबाट यस्ता अभ्यास गराउन शिक्षकहरुमा विशेष क्षमता चाहिन्छ । यिनै कारणले नेपालमा मन्टेसरी शिक्षकको ठूलो खडेरी छ । मन्टेसरी शिक्षक बन्न विशेष तालिमको जरुरी हुन्छ ।

मन्टेसरी शिक्षक हुन एशोसिएसन मन्टेसरी इन्टरनेशनल (एएम आई) द्वारा सन्चालन गरिने तालिम सबैभन्दा उन्नत तालिम हो । हल्यान्डमा मुख्य कार्यालय रहेको यस संस्थाको उद्देश्य संसारको मन्टेसरी शिक्षालाई स्तरयुक्त र प्रभावकारी बनाउनु हो । यसले विभिन्न तहका मन्टेसरी शिक्षक उत्पादन गर्न विश्वस्तरीय तालिम सन्चालन गर्छ । कम्तिमा स्नातक तह उत्तीर्ण गरेको व्यक्तिले प्रतिदिन ७ घण्टाको दरले ९ महिना सैद्धान्तिक र प्रयोगात्मक तालिम लिनुपर्छ । त्यसपछि एएम आईबाट सन्चालित लिखित परीक्षा उत्तीर्ण गरेपछि विशेषज्ञद्वारा प्रयोगात्मक परीक्षा लिइन्छ । यसमा सफल भएमा मात्र मन्टेसरी शिक्षक हुने प्रमाण-पत्र दिइन्छ । मन्टेसरीको यस्तो तालिम निकै दुर्लभ मानिन्छ । दक्षिण एसियामा भारतको चेन्नाईमा मात्र यस्तो तालिम केन्द्र रहेकोछ । यस बाहेक मन्टेसरी शिक्षक तथा प्रशिक्षकले बनाएका मन्टेसरी संस्थाले पनि विभिन्न देशका मन्टेसरी स्कुलहरुम 'इनहाउस' तालिम दिने चलनछ । कुनै मन्टेसरी शिक्षक वा प्रशिक्षकद्वारा व्यक्तिगत वा संस्थागत रुपमा चलाएका तालिमले पनि मन्टेसरी शिक्षक तालिम उत्पादनमा थोर बहुत सहयोग गरेको पाइन्छ । तथापि, नेपालमा मन्टेसरी

तालिम दिने आधिकारिक व्यक्ति तथा संस्था छैनन् । मन्टेसरी पद्दतिको तालिम दिने आधिकारिक संस्था भारतको चेन्नाईमा मात्र छ । उक्त तालिम लिन १० लाख भन्दा बढी लाग्छ । तर नेपालमा थोरै रकममा उक्त तालिम दिने संस्थाहरु भए पनि ती तालिमको विश्वसनीयतामा प्रश्न देखा पर्दछ ।

मन्टेसरी भनिएका ठाउँमा बालबालिकालाई 'भुल्याउने' खेलौना छन् कि बालबालिकाको उमेर सुहाउदा 'शैक्षिक सामग्री'छन् भन्ने हेर्नु आवश्यक हुन्छ । नानीहरु भूल्याउने सामग्री छन् भने ती मन्टेसरी हैनन् । मन्टेसरीमा साढे दुई देखि ६ वर्ष उमेर समूहका नानीहरुलाई मिसाएर राखिएको हुनुपर्छ । एउटै कोठामा नानीहरुका लागि दैनिक जीवनमा प्रयोग हुने, ज्ञानेन्द्रियको प्रयोगबाट सिक्ने गणित तथा भाषाको अवधारणा बसाउने अलग अलग सामग्री र क्षेत्र छैनन् भने त्यो मन्टेसरी होइन । नानीहरुको व्यक्तिगत प्रस्तुति र क्रियाकलाप नभएको स्कुल पनि मन्टेसरी होइन । मन्टेसरीमा नानीहरु कुनै क्रियाकलाप गर्न स्वतन्त्र हुन्छन् । तिनको मूल्याङ्कनको आधार बालबालिकाको व्यवहार, परिपक्वता, उत्प्रेरणा, आत्माविश्वासलाई लिईदैन र लिखित परीक्षालाई उपलब्धि मापनको मानक भनिन्छ भने त्यो पनि मन्टेसरी हैन ।

## २.२ नीतिगत साहित्यको समीक्षा

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले प्रस्तुत गरेको सुझावमा ५ बर्ष मुनिका बालबालिकाहरुको लागि प्रत्येक टोल र गाउँमा खेलकुद मनोरन्जनको व्यवस्था सहित बाल उद्यान (पूर्व प्राथमिक शिक्षा) व्यवस्था गर्ने भनिएको छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले प्रस्तुत गरेका सबै सुझावहरु कार्यान्वयन राम्ररी हुन सकेनन् साथमा यो बाल उद्यानसंग सम्बन्धित सिफारिस पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेन ।

त्यसपछि राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनले उल्लेख गरेका सुझावले पूर्व प्राथमिक शिक्षा भनी प्रष्ट खाका निर्देश गरिदिएकोछ । उक्त सुझावहरुमा उल्लेख गरिएका कुरा यसप्रकार थिए :-

(क) शारीरिक, मानसिक, बौद्धिक तथा गति विकासका धारणा अनुरुप बालबालिकाहरुको विकासलाई ध्यानमा राखी बालशिक्षा दिनु पूर्व प्राथमिक शिक्षाको उद्येश्य हुनुपर्छ ।

(ख) प्राथमिक विद्यालय जाने उमेर नपुगेका ४ वर्ष पुगेका बालबालिकाहरुलाई यस तहमा प्रवेशका लागि योग्य मान्नुपर्छ ।

(ग) पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम राष्ट्रिय संस्कृतिलाई दृष्टिगत गरी बालबालिकाका सामाजिक, सांस्कृतिक परिवेश अनुरुपका विषयवस्तु संग सम्बन्धित हुनुपर्छ ।

(घ) ग्रामीण क्षेत्रमा पनि पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नेतर्फ प्रोत्साहित गर्नुपर्छ ।

(ङ) पूर्व प्राथमिक शिक्षामा कामगर्ने शिक्षकहरु (सहयोगी कार्यकर्ता) का लागि प्रशिक्षणको व्यवस्था मिलाई बालबालिकाको मातृभाषाको ज्ञान भएका शिक्षक तथा महिला शिक्षिकाहरुलाई प्राथमिकतासाथ नियुक्ति गर्नुपर्छ ।

(च) सामाजिक संघ-संस्था र सामुदायिक तथा निजी क्षेत्रका आन्तरिक तथा बाह्य स्रोतबाट पूर्व प्राथमिक शिक्षाका कार्यक्रमहरुका लागि आर्थिक उपायहरुको परिचालन गर्ने व्यवस्था मिलाउनुपर्छ ।

(छ) श्री ५ को स्वीकृतिलिई निजी क्षेत्रमा पूर्व प्राथमिक शिक्षाको सन्चालन गर्न प्रोत्साहित गर्नुपर्छ ।

(ज) नेपाली बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक तथा भाषिक विकासको अध्ययन अनुसन्धान गर्ने व्यवस्था हुनुपर्छ ।

एवम् ढंगबाट उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले सिफरिस गरेको बालविकास शिक्षा सम्बन्धी कुराहरु छोटकरीमा यस प्रकार छन् :-

(क) पूर्व प्राथमिक शिक्षा बालविकास कार्यक्रम एक बर्षे हुनुपर्ने ।

(ख) चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई शैक्षिक संरचना भित्रल्याई एकबर्षे पूर्व प्राथमिक शिक्षा निर्धारण गर्नुपर्ने ।

(ग) गा.वि.स. को १० प्रतिशत बजेट बाल स्याहारमा खर्च गरिनु पर्ने

(घ) स्थानीय निकाय र लागत साझेदारीद्धारा पूर्व प्राथमिक विद्यालय सन्चालन हुनुपर्ने । भनी उल्लेख गरिएको छ ।

त्यसैगरी शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समिति २०५८ को सिफारिसमा शिशु विकास कार्यक्रमका लागि स्थानिय निकायलाई अनुदान प्रदान गर्ने, यसको समय अवधि दुई बर्षको हुने, यस्तो कार्यक्रम सन्चालन, रेखदेख र व्यवस्थापनको दायित्व सम्बन्धित गाउँविकास समिति वा नगरपालिकाको हुनेछ । श्री ५ को सरकारले त्यस्तो कार्यक्रमका लागि एकमुष्ट अनुदान दिने नीति लिनेछ । यस कार्यान्वयनमा रहेको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमबाट एक बर्षभित्र परीक्षण कार्यक्रम सम्पन्न गरी आगामी ५ बर्षभित्र अधिराज्यव्यापी रुपमा कार्यक्रम संचालन गरिनेछ । भनी उल्लेख गरिएको छ ।

यसरी नेपालको शैक्षिक इतिहासमा पूर्व प्राथमिक शिक्षाको क्षेत्र अझै पनि प्रारम्भिक अवस्थामा नै छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षाको आवश्यकतामा जोड दियो र २०२२ सालदेखि बाल मन्दिरहरुका माध्यमबाट सीमित मात्रामा शिशु शिक्षा प्रदान गर्ने

कार्य आरम्भ भयो । हाम्रो वर्तमान प्रावधान अनुसार ३-४ बर्षको उमेरका बाल बालिका लाई प्रारम्भिक बालविकास कार्यक्रम केन्द्रित रहेको पाइन्छ ।

सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारीरुपमा लैजानका लागि सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत नेपालले तयार पारेको कार्यक्रमको पहिलो कार्यक्रम प्रारम्भिक बालविकास कार्यक्रम हो । यसले विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा र समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरुको माध्यमबाट पुर्व प्राथमिक तथा प्रारम्भिक बालविकास शिक्षालाई कार्यान्वयन गर्ने व्यवस्था गरेकोछ । यस कार्यक्रमको मर्म अनुसार शिक्षा विभागले प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित गरी विकास गर्नका लागि प्रारम्भिक बाल विकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ तयार गरी प्रयोगमा ल्याउने व्यवस्था गरेकोछ । उक्त पाठ्यक्रमले विविध किसिमका मनोरन्जनात्मक शिक्षण सिकाइ क्रियाकलापका माध्यमबाट ३ र ४ बर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकास गरी उनीहरुलाई प्राथमिक विद्यालयका लागि तयार गराउने उद्येश्य राखेकोछ । उक्त मूल उद्येश्य प्राप्त गर्नका लागि उक्त पाठ्यक्रमले प्रारम्भिक बालविकासका उद्येश्य यस प्रकार उल्लेख गरेको छ :-

क) बालबालिकाहरुलाई बौद्धिक मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक,नैतिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्ने

ख) उनीहरुलाई सरसफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न प्रेरित गर्ने

ग) उनीहरुलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने

घ) उनीहरुलाई प्राथमिक शिक्षाका लागि तयारी गर्ने

ङ) उनीहरुमा विश्वास र सुरक्षाको भावना जागृत गराउने

यसरी उक्त पाठ्यक्रमको उद्येश्यले बालबालिकाको रुचि, क्षमता र आवश्यकतालाई प्राथमिकता दिंदै बालबालिकाको सर्वाङ्गीण बिकासमा जोड दिएकोछ । त्यस्तै परिवार र समुदायमा रहेका संज्ञानात्मक र मानवीय स्रोतको प्रयोग गर्दै बालबालिकाको सिकाइमा व्यक्ति, ठाउँ र वस्तुसंगको सम्पर्क र सम्बन्धलाई मान्यता प्रदान गरेकोछ ।

## २.३ बाल विकास शिक्षाका प्रवधानहरु

शिक्षा नियमावली (२०५९) अनुसार शिशु विकास केन्द्र स्थापना गर्न चाहिने पूर्वाधार निम्न प्रकारका पूर्वाधार उल्लेख गरिएको छ ।

क) फराकिलो, खुल्ला, शान्त, सुरक्षित भवन भएको

ख) भवन बाहेक आधा रोपनी वा एक कट्ठा जग्गा भएको

ग) बाल उद्यानको व्यवस्था भएको

घ)  सफा र स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको

ङ)  कम्तीमा दुईजना सुसारेहरु भएको

उपरोक्त पूर्वाधारहरु पूरा भएको कुनै संस्थाले शिशु विकास केन्द्र स्थापना गर्न चाहेमा स्वीकृतीको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका समक्ष निवेदन दिनुपर्ने छ र गा.वि.स. वा नगरपालिकाले जांचबुझ गर्नेछ र जांचबुझ गर्दा मनसिव देखिएमा आवश्यक शर्त तोकी स्वीकृति दिनेछ । शिशु विकास केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ । नेपाल सरकारले शिशु विकास केन्द्रलाई जिल्ला शिक्षा अधिकारीको सिफारिसको आधारमा अनुदान दिन सक्नेछ भनी शिक्षा नियमावली २०४९ ले उल्लेख गरेको छ । एवं ढङ्गबाट समय-समयमा पाठ्यक्रम विकास केन्द्रद्वारा शिक्षक, प्रधानअध्यापक तथा सहयोगी कार्यकर्ताहरुलाई तालिम तथा गोष्ठीहरु आयोजना गर्ने गरेको छ । यस्ता प्रयासहरु हुँदा हुँदै पनि नेपालमा सरकारी स्तरबाट पूर्व प्राथमिक शिक्षाको विकासका लागि धेरै योगदान हुनसकेको देखिदैन । धेरै जसो बालबालिका र बालशिक्षा सम्बन्धी कार्यक्रमहरु खासगरी निजी क्षेत्रबाट सन्चालित छन् र ती बालबालिकाको सर्वाङ्गीण विकास गर्न भन्दा पनि अनावस्यकरुपमा किताबको भारी बोकाई विभिन्न समयमा सुगा रटाइको शिक्षा प्रदान गर्ने कार्यमा केन्द्रित भएको पाइन्छ ।

शिक्षा विभागको स्कुल लेभल एजुकेशन स्टाटिस्टिक अफ नेपाल २०१० का अनुसार देशभरिमा मन्टेसरी, किन्डरगार्टेन, युरोकिड्स सहित ४ हजार ३१६ निजी बालविकासकेन्द्र छन् भने सरकारी स्कूल र समुदायमा आधारित सामुदायिक बालविकासकेन्द्रको सङ्ख्या २६ हजार ७७३ गनिएकोछ । यसरी देशभरका जम्मा ३१ हजार ८९ निजी र सामुदायिक बालविकास केन्द्रमा अहिले ४ लाख ८८ हजार ९१६ बालिका र ५ लाख २९ हजार ६२७ बालक गरी जम्मा १० लाख १८ हजार ५४३ नानीहरु रहेको सरकारी आंकलन छ । शिक्षा विभागको तथ्याङ्कले ६ बर्षमुनिका ७३ प्रतिशत बालबालिका बालविकासमा भर्ना भएका र बाँकी २७ प्रतिशत अझै बालविकास केन्द्रको पहुँच बाहिर रहेको देखाउँछ ।

सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत नेपालले सन् २०१५ सम्ममा ७४ हजार बालविकासकेन्द्र खोल्ने लक्ष्यका साथ २०५९ सालदेखि समुदायमा आधारित बालविकासकेन्द्र स्थापना गर्न थालिएको हो । तर पछि आएर यो लक्ष्य ५६ हजार बालविकासकेन्द्रमा झारिएको छ । यो सङ्ख्या पनि कुल स्कुल सङ्ख्याको करिब दोब्बर हो । शिक्षा मन्त्रालयले २०६१ मा बनाएको नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीति अनुसार शिक्षा विभागले प्रारम्भिक बालविकास सम्बन्धी निर्देशिका, न्यूनतम राष्ट्रिय मापदण्ड, मार्गदर्शक पुस्तिका, अभिमूखिकरण पुस्तिका, बालबालिकाको पेडागोजी प्याकेज, सहयोगी कार्यकर्ताका लागि पुनर्ताजगी तालिम सम्वन्धी सामग्री स्कूल-स्कूलमा पठाउने गरेको छ । बालविकासकेन्द्र व्यवस्थापनका लागि विभिन्न शीर्षकमा रकम छुट्याउने गरेको छ । तर पनि ग्रामीण तथा शहरी भेगका आर्थिक अवस्था कमजोर भएका अधिकांश अभिभावकले बालबालिकालाई सामूदायिक

बालविकासकेन्द्रमा साथै सोझै कक्षा एकमा भर्ना गर्ने गरेको पाइन्छ । केही निजीस्तरमा खुलेका पूर्वप्राथमिक स्कूलको भौतिक र शैक्षिक पूर्वाधार सन्तोषजनक भएपनि न्यून लगानीका कारण धेरै जसो सामूदायिक बालविकासकेन्द्रमा साना नानीहरु रमाउने खालको पूर्वाधार र शैक्षिक सामग्रीको अभाव छ ।

बाल विकास केन्द्रमा रुसो, फ्रोबेल, मन्टेश्वरीको शैक्षिक पद्दति अबलम्बन गरी शिक्षण गर्ने प्रयास गरिएको पाइन्छ । बालबालिकाहरुका लागि रुसो, फ्रोबेल, मन्टेश्वरीले पूर्व निश्चित पाठ्यक्रम तयार गरेका छैनन् । फ्रोबेलले साना नानीहरुलाई किताबी ज्ञान दिनु हुँदैन भन्ने मान्यता अनुसार पाठ्यक्रममा क्रियाकलाप, खेल वा शैक्षिक सामग्रीको प्रयोगलाई प्रमुख स्थान दिएकाछन् । यसैगरी मन्टेश्वरी प्रणालीमा पनि पाठ्यक्रम ज्ञान प्रधान नभई ज्ञानेन्द्रीयलाई फूर्तिलो बनाउने कार्य प्रदान भएको पाइन्छ । त्यसैले नेपालमा पनि पूर्व प्राथमिक शिक्षालाई व्यवस्थित योजनाबद्ध र प्रभावकारी बनाउनका साथै एकरुपता ल्याउन पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने गरिएको छ ।

## २.४ सम्बन्धित अध्ययनको समीक्षा

फ्रोबेलका अनुसार बालबालिकाहरुमा अन्तरनिहित र नैसर्गिक मानविय गुणहरुको स्वच्छन्दपूर्वक विकास गर्नु शिक्षाको मुख्य उद्देश्यहो । अर्को शब्दमा बालबालिकाहरुमा अवगुण हटाई जीवन उपयोगी र समाज उपयोगी कार्यकलाप संलग्न गराई व्यक्तित्वको विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो । उनले बालबालिकाहरुको विकासको लागि कुनै निश्चित पाठ्यक्रम तर्जुमा गरेका छैनन् । वालकको विद्यालयमा किताबलाई कुनै स्थान दिइएको छैन । उनको पाठ्यक्रममा बालबालिकाहरुको विकासमा बालक्रियाकलापहरु र खेललाई नै प्रमुख स्थान दिइएको छ । यसका लागि अभिभावक र शिक्षकहरुले विशेष योदान दिनु आवश्यक पर्छ ।

कार्की (२०६३) ले आफ्नो गुणात्मक मूल्याङ्कन अनुसन्धानका लागि "पूर्व प्राथमिक विद्यालयमा आफ्ना बालबालिका समायोजन गराउन अभिभावकहरुले निर्वाह गरेका भूमिका सम्बन्धी एक अध्ययन" शीर्षकको अनुसन्धानमा शिक्षा दार्शनिक रुसो का अनुसार पहिलो ५ वर्षको उमेरमा शिशुहरुलाई किताबी ज्ञानले उनीहरुको स्वच्छ विचारलाई दुषित पार्दछ । यसका निम्ति बालविकासको लागि सहायक हुने खालको क्रियाकलापमा संलग्न गराउनु पर्छ । त्यस उमेरका बालबालिकाहरुमा ठीक वा वेठिकको अवधारणाको विकास भएको हुँदैन त्यसकारण गल्ती गर्‍यो भने बालबालिकाहरुलाई पिटेर वा गाली गरेर सजाय दिनु हुँदैन । रुसोले यस उमेरका बालबालिकाहरुलाई शारीरिक विकासमा अत्याधिक जोड दिएको पाइन्छ । त्यसैले यस उमेरका बालबालिकाहरुको शारीरिक तन्दुरुस्तीको लागि प्रसस्त अभ्यास गराइ राख्नुपर्छ । ५ बर्ष मुनिका बालबालिकाहरुलाई सिकाउन शिक्षकले शिशुलाई माया गर्ने, स्वतन्त्रतापूर्वक सिक्ने कार्यमा सहयोग गर्ने, किताबी ज्ञान नदिने, प्राक्रितिक वातावरणमा शिक्षा दिने ज्ञानेन्द्रियहरुको स्वभाविक विकास गराउने, कुट्ने-पिट्ने साथै गाली गर्ने खालको सजाय नदिने, शिशुहरुलाई अवलोकन

तथा क्रियाकलापका माध्यमबाट सिक्न लगाउने आदि जस्ता कार्यमा ध्यान दिनु पर्ने भनी रुसोले बताएका छन् भनी सुरेन्द्र बहादुर उल्लेख गर्नु भएको छ ।

यसै गरी पिस नेपाल, प्लान नेपाल, जिल्ला रेडक्रस, इको क्लव तथा वाल क्लव आदि सबैको सहकार्यमा उत्पादन भएको रेडियो कार्यक्रम मकवानपुरको मार्खुबाट तयार गरी रेडियो प्रतिध्वनी एफ.एम्. ले हरेक मंगलबार वेलुका ५:३० देखि ६:०० बजेसम्म आधि घण्टा वज्ने कार्यक्रममा बाल बिकास र सिकाइ साथै बालविकास केन्द्रहरुको प्रभावकारीता साथमा मनोरन्जनात्मक ढंगबाट सिक्ने र सिकाउने प्रक्रिया आदि विषय सम्वन्धि विभिन्न शीर्षकमा समाचार, भनाइ, रिपोर्ट, नाटक आदि प्रसारण गर्ने गरेको छ । यस साप्ताहिक रेडियो कार्यक्रमले पनि अनुसन्धानमा थप सहयोग पुऱ्याएकोछ ।शिक्षक मासिक २०६८ भदौ अङ्क तथा फगुण अङ्कमा एएम आई शिक्षक धितालले ८ मङ्सिर २०६८ मा राजधानीमा आयोजित नेपालमा मन्टेसरी शिक्षा सान्दर्भिकता तथा चुनौती विषयक अन्तरक्रियामा प्रस्तुत गरेको कार्य पत्रमा आधारित लेखमा मन्टेसरी शिक्षा प्रणालीको वारेमा उल्लेख गरिएको छ । हाल रहेका बालविकासकेन्द्रहरु २८७७२ त्यहांका कार्यकर्ताले पाउने तलब व्यवस्था साथै आर्थीक वर्ष २०६८/०६९ मा थप ५०० बालविकासकेन्द्र खोल्ने घोषणा सरकारले गरेकोछ भनी उल्लेख गरिएको छ ।

सिंह (२०६५, पृ. ४८०) "शिक्षाको दर्शन शास्त्रीय र समाज शास्त्रीय आधार" का अनुसार सन् २००२ मा शिक्षा ऐन सातौ संसोधनले विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षाहरु र समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरु दुबैलाई मान्यता प्रदान गरेको छ । निजी तहका अधिकांश विद्यालयहरुले प्राथमिक विद्यालयपूर्व उमेरका बालबालिकाका निमित नर्सरी र किन्डर गार्डेन तहहरु चलाउने गरेका छन् । ३ देखि ५ बर्षका उमेर समूहका बालबालिकाहरु यस समूहभित्र पर्ने कानुनी प्रावधानछ भनी उल्लेख गरीएको छ ।

शर्मा (२०६६) 'नेपालमा शिक्षा विकासको इतिहास' भाग-१ पेज नं १५८ मा मन्टेश्वरी स्कुल भनेर संबत् २००५ साल भाद्र ९ गते सदनबाट काठमाण्डौंमा पहिलो पूर्व प्राथमिक मन्टेश्वरी स्कुलको स्थापना भएको र त्यसका लागि भारतबाट शिक्षक ल्याइएको साथै २०१४ मा डाईरेक्टर अफिसमा रेकर्ड र जानकारी नभएको साथै मन्टेश्वरी स्कुलबन्द भएको भनिएकोछ । त्यसैगरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ को सुझावहरुमा ५ वर्षभन्दा मुनिका बालबालिकाहरुको लागि प्रत्येक टोल र गाउँमा खेलकुद मनोरन्जनको व्यवस्था सहित बाल उद्यानको व्यवस्था गर्ने भनिएको छ । शिक्षा नियमावली २०४९ ले बाल विकासकेन्द्र खोल्नका लागि आवश्यक नियम तथा पूर्वाधारहरुको उल्लेख गरिएको छ ।

त्यसैगरी कट्टेल (२०६७) "बाल विकासकेन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता दक्षता र पाठ्यक्रम कार्यान्वयन" शीर्षकको शोधपत्रमा बालविकासकेन्द्रमा काम गर्ने कार्यकर्ताको तालिम, प्रशिक्षण, शैक्षिक

योज्ञता र त्यसको प्रभावकारी कार्यान्वयन, शैक्षिक सामग्रीको व्यवस्था र त्यसको प्रयोग आदिका बारेमा उल्लेख गरिएको छ ।

गौतम (२०६७) को शोधपत्र "प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयन स्थिति" मा बालविकास केन्द्रको पाठ्यक्रम सम्वन्धी र त्यसको प्रभावकारी प्रयोग सम्बन्धीकुरा उल्लेख गरिएको छ ।

ढुंङ्गाना (२०६३) "बालविकास केन्द्र र यसको वर्तमान अवस्था" शीर्षक को शोधपत्रमा बालविकास केन्द्रमा रहेका विभिन्न अवस्था जस्तै :-सहयोगी कार्यकर्ता, शैक्षिक सामाग्री, शौचालय, कुर्सी, टेबुल, खेल सामाग्री, खेल्ने चौर, बालबालिकाहरुलाई काममा वा सिकाइमा अभ्यस्त बनाउने प्रक्रिया आदिका बारेमा उल्लेख गरिएको छ ।

श्रेष्ठ (२०६८) को "पूर्व प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकले भोगेका शैक्षणिक समस्याहरु र अपनाएका समाधानका उपायहरु" शीर्षकको शोधपत्रमा सहयोगी कार्यकर्ताका विभिन्न कठिनाइहरु र सम्भाव्य समस्याहरु साथै समाधानका लागि सुझाव तथा आवश्यक मार्ग दर्शनका बारेमा प्रष्ट्याइएको छ ।

बन्जारा (२०६८) मा 'सामुदायिक र संस्थागत विद्यालयमा सन्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यान्वयनको अवस्था' शीर्षकको शोधपत्रमा अहिले प्रचलनमा रहेको पाठ्यक्रम, त्ययसको प्रयोग तथा कार्यान्वयन, समुदायमा सन्चालन भएका र संस्थागत रुपमा सन्चालन भएका बालविकासकेन्द्रहरु त्यहां प्रयोग भएका पाठ्यक्रमहरु आदिको बारेमा उल्लेख गरिएको छ ।

यसरी बालविकास शिक्षाले अनेकौं प्रक्रियाहरु पारगर्दै हालसम्म सञ्चालन हुँदै आएको छ । बालविकास शिक्षा भनेको सहयोगी कार्यकर्ता, शिक्षक, अभिभावक, बालबालिका सबैको सम्मिश्रण चल्ने प्रक्रिया हो । यसमा एक पक्ष मात्र असहज भएमा पनि बालविकास शिक्षा त्यति सजिलो हुँदैन । यसमा प्रयोग हुने शैक्षिक सामग्री, सिकाइको तरिका, प्रयोग क्षेत्रको वातावरण आदिबाट बालविकास शिक्षा चलेको पाइन्छ । समुदायमा वा संस्थागत रुपमा वा निजी जसरी चले पनि बालशिक्षाको प्रक्रिया एकै ढङ्गबाट कार्यान्वयन हुँदै आएको पाइन्छ ।

# अध्याय तीन
# अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नको लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुनेगरी आवश्यकता अनुसार विभिन्न तरिकाहरु वा उपायहरुको अवलम्बन गर्नु पर्ने हुन्छ जसलाई विधि भनिन्छ । अध्ययनकार्यको प्रभावकारीता त्यसको व्यवस्थित, सहज र उपयुक्त विधिहरुमा निर्भर गर्दछ । त्यसैले यस अध्ययनको क्रममा आवश्यक सुचना, जानकारीहरु गुणात्मक अनुसन्धानमा प्रयोग गरिने औजारहरु (प्रश्नावली, कक्षा अवलोकन, अन्तवार्ता) आदि प्रयोग गरेर सङ्कलन गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै विधि वा ढांचामा तयार पारिएकोछ । तथ्याङ्कको विश्लेषण गर्ने मूख्य आधार गुणात्मक विधि रहेको छ भने सहयोगीका रुपमा परिमाणात्मक विधिको प्रयोग गरी अध्ययन कार्य र तथ्याङ्क विश्लेषण प्रक्रिया अगाडि बढाइएकोछ । यसका लागि नमूना छनोट, वर्णन, व्याख्या, विश्लेषण र तथ्याङ्क शास्त्रीय विधि अपनाइएकोछ ।

## ३.२ अध्ययनको जनसङ्ख्या

### ३.२.१ नमूना छनोट

समय, स्रोत तथा साधनको अभावकाकारण चाहेर पनि सवै क्षेत्रमा अध्ययन गर्न सकिदैन । त्यसैले निम्न प्रक्रियाद्वारा नमूना छनोट गरी अध्ययन कार्य बढाइएकोछ :-

### क) विद्यार्थी, शिक्षक नमुना छनोट

दामन-पालुङ उपत्यका र त्यसको आसपासमा रहेका जनकल्याण स्रोतकेन्द्र अन्तर्गतका बालविकासकेन्द्र चलेका दुई वटा र बालविकासकेन्द्र नचलेका दुई वटा गरी जम्मा ४ वटा विद्यालय नमूनाकोरुपमा लिइएको छ ।

### ख) जनसङख्या छनोट

छनोटमा परेका विद्यालयमा गई अध्ययनगर्दा कक्षा एकका सबै विद्यार्थीहरुलाई अध्ययनकार्यका लागि छनोट गरिएको छ । साथमा सहयोगी कार्यकर्ता तथा शिक्षक-शिक्षिकाहरु बाट र अभिभावकहरुबाट पनि सहयोग लिइएको छ । अध्ययनमा १५ जना बालविकास केन्द्रबाट आएका र १५ जना सिधै विद्यालयमा आएका बीच अध्ययन गरिएको छ । उक्त १५/१५ जनामध्ये ५/५ जनाका अभिभावकलाई

भेटी सहयोग लिइएको थियो भने अध्ययनमा रहेका चारवटा विद्यालयका चार जना शिक्षक र दुई जना सहयोगी कार्यकर्तासँग छलफल गरी सहयोग लिइएको थियो ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनकार्यका लागि प्रमुख आधार प्राथमिक स्रोतलाई लिइनेछ र द्वितीय वा गौण स्रोतको पनि सहायता लिई अध्ययन गरिएको छ । जसमा :-

### क) प्राथमिक स्रोत

अध्ययन क्षेत्रका बालविकास केन्द्रहरु साथै विद्यालयमा संगै भएका वाल कक्षा साथै बालविकासकेन्द्र नभएको समूदाबाट सिधै एक कक्षामा भर्ना हुन आएका विद्यार्थी भएको विद्यालयमा गई विद्यार्थीको मूल्याङ्कनका लागि समान स्तरका प्रश्नहरु निर्माण, प्रयोग, प्राप्ताङ्कको विश्लेषण, मौखिक प्रश्न-उत्तर, शिक्षक तथा सहयोगी कार्यकर्तासंग छलफल, अवलोकनलाई प्राथमिक स्रोतका रुपमा उपयोग गरी सूचना सङ्कलन गरिएको छ ।

### ख) द्वितीय स्रोत

यस अध्ययनसंग सम्बन्धित विभिन्न लेख-रचना, पत्र पत्रिका, प्रतिवेदन, शोधपत्र, रेडियो कार्यक्रम आदिबाट तथ्याङ्क लिई प्राप्त जानकारीका माध्यमबाट अध्ययनकार्य अगाडि बडाइएको छ । साथै द्वितीय स्रोतका रुपमा सहयोग गर्ने उपलब्ध भएका अन्य साधन तथा प्रक्रियाहरु पनि प्रयोग गरी अध्ययनकार्य वढाइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन बिधि

अध्ययनकार्यलाई सुचारु गर्नका लागि विद्यालय, शिक्षक तथा विद्यार्थीहरुद्वारा सूचना सङ्कलन गर्न निम्न प्रक्रिया अपनाइएको छ :-

### क) उपलब्धि परीक्षण

समान कठिनाइ स्तरका प्रश्नपत्रहरु निर्माण गरी छनोटमा परेका विद्यालयका विद्यार्थीसमक्ष लिखित प्रश्नहरु सोधी प्राप्ताङ्कहरु गणना गरिएको छ । अलग-अलग ढंगका वा फरक-फरक विषयवस्तु समेट्ने प्रश्नहरु बनाई उपलब्धि परीक्षण गरिएको छ । एक पटक भाषा विषय, एक पटक गणित विषय र अर्को पटक विज्ञान र सामाजिकसंग सम्बन्धि प्रश्नहरु बनाई परीक्षा लिइएको छ ।

#### ख) अभिलेख अध्ययन

लिइएका परीक्षाबाट प्राप्त प्राप्ताङ्कहरुका आधारमा विद्यार्थीको उपलब्धिको लेखाजोखा र तुलना गरिएको छ । सूचनाहरु लिन विद्यार्थीका पुराना रेकर्ड हेर्ने तथा बालविकास केन्द्र सन्चालनमा विभिन्न ढंगबाट सहयोग गर्नेहरु संग भएका पुराना रेकर्डहरु अध्ययन गरीएको छ । साथै छनोटमा परेका शिक्षक र अभिभावकसंग छलफल गरिएको छ साथै अन्तरवार्ता, सर्वेक्षण आदिबाट सुचनाहरु लिइएको छ ।

#### ग) शिक्षक ⁄ अभिभावक अन्तरवार्ता

प्रश्नसोधी पाएका प्राप्ताङ्क साथै विद्यार्थीको र विभिन्न प्रश्नावली राखी अभिभावक र शिक्षकबाट प्राप्त विवरणको आधारमा लेखाजोखा गरी प्रभावकारिता पत्तालगाइएकोछ र निष्कर्षमा पुगिएकोछ । शिक्षक अभिभावकसँगको प्रश्नावली अनुसूचीमा रहेको छ ।

## ३.५ साधनको वैधता निर्धारण

यस अध्ययनको उद्देश्य प्राप्त गर्न सक्ने गरी साधन निमार्ण गरिएको छ । अध्ययनकार्यमा सहयोगी छानिएका पाठ्यपुस्तक, दस्तावेजहरु विशेषज्ञहरुले तयार गरेको आधारमा वैद्यता मानी अध्ययनको साधनकोरुपमा लिइएकोछ । यस अध्ययनमा छनोट गरिएको विद्यालय र ठाउँमा गई सम्बन्धित विद्यालयका शिक्षक ⁄ शिक्षिका, सहयोगी कार्यकर्ता, अभिभावक, जिल्ला शिक्षाकार्यालयका व्यक्तिहरुसंगको प्रत्यक्ष भेटघाटको क्रममा सहयोग र जानकारीबाट तयार गरिएकोछ । साधनहरुको बैद्यता दिन लागि विषय शिक्षक, शोधनिर्देशक तथासमकक्षी साथीहरुसंग राय सल्लाह मागी आवश्यकता अनुसार साधनको वैद्यता दिनेकार्य गरिएको छ । साथै तथ्याङ्क विश्लेषण गर्दा प्राप्ताङ्कका आधारमा गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या विधि

परीक्षणको प्राप्ताङ्क विश्लेषण टि–टेस्टमा आधारित रहेर निम्नानुसार गरिएको थियो –

(क) शिक्षक अभिभावकसँग सूचना लिन अभिभावक, शिक्षक र सहयोगी कार्यकर्तालाई प्रत्यक्ष भेटी प्रश्नावलीका माध्यमबाट सूचना लिइएको थियो । उक्त प्रश्नावलीहरु अनुसूची ५ मा रहेको छ । प्रश्नावली र अवलोकन फारामबाट प्राप्त सूचनालई उद्देश्यसँग मेल खानेगरी व्याख्या र विश्लेषण गरिएको थियो ।

(ख) उपलब्धि स्तर मापनका लागि प्राप्ताङ्कलाई टी–टेस्ट का आधारमा व्याख्या गरिएको थियो । टी–टेस्टका लागि आवश्यक मध्यक र स्तरीय भिन्नता अनुसूची ९ मा रहेको छ ।

(ग) परिकल्पना $H_1$ कक्षा एकमा बालविकास केन्द्रबाट आएका र नआएका विद्यार्थीहरुको औसत उपलब्धिमा सार्थक भिन्नता छ ।

अर्थात् $H_1 = M_1 > \text{or} < M_2$

यहाँ $M_1$ = बालबाविकास केन्द्रबाट आएका बच्चाहरुको औसत उपलब्धि

$M_2$ = बालविकास केन्द्रबाट नआएका बच्चाहरुको औसत उपलब्धि

यस परिकल्पनालाई परीक्षण गर्न निम्नानुसारको शून्य परिकल्पना तयार गरिएको थियो –

$$H_0 = M_1 - M_2 = 0$$

यस शून्य परिकल्पनालाई ०.०५ को Level of Significance मा परीक्षण गरिएको थियो ।

# अध्याय चार

# प्राप्त सूचनाहरुको विश्लेषण तथा व्याख्या

कुनै पनि अध्ययन अनुसन्धान कार्यका लागि तथ्याङ्कहरुको सङ्कलन गरी सकेपछि ती तथ्याङ्कहरुलाई उपयुक्त ढंगबाट प्रस्तुत गरी विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अध्ययनमा बालबिकासकेन्द्रको शिक्षण सिकाइ क्रियाकलापका कारण प्राथमिक तहमा वा कक्षा १ मा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पारेको प्रभाव पत्ता लगाउनु रहेको छ । यस्तै उद्देश्यहरु पूरा गर्नका लागि मकवानपुर जिल्लाका ग्रामीण क्षेत्र दामन र पालुङ गा.वि.स. हरुका विद्यालयमा गई विद्यार्थीहरुसंग परीक्षा तथा प्राप्ताङ्क व्याख्या, कक्षा अवलोकन, विद्यालयका शिक्षक, प्र.अ. अभिभावकसंग छलफल तथा प्रश्नोत्तर, सहयोगी कार्यकर्तासंग अन्तरवार्ता बालबालिकासंग समूह छलफल गरी संकलन गरिएका सूचनाका आधारमा विश्लेषण र व्याख्या गरिएको छ । सूचना सङ्कलनको क्रममा छनोटमा परेका प्र.अ., सहयोगी कार्यकर्ता, अभिभावक, बालबालिका र अन्य शुभचिन्तक आदिको थप सुझाव, सल्लाह र विचारलाई समेट्ने प्रयास गरिएको छ । मूलतः यो अध्ययन प्राथमिक तहमा बालविकासकेन्द्रबाट र सो भन्दा वाहेक परिवारबाट सिधै आएकाहरुको ज्ञानको लेखाजोखा गरी बालविकास कार्यक्रमको प्रभावकारीता पत्तालगाउने उद्येश्यमा रहेको छ । बालविकासकेन्द्रका शैक्षिक गतिविधिहरु, शैक्षिक सामग्रीहरु र अन्य कार्यहरुबाट बालबालिकाको सिकाइमा पारेको प्रभावका कारण प्रा.वि. तहमा यो कति सहयोगी छ, भन्नेकुरालाई यस अध्ययनले मुख्य केन्द्रविन्दु बनाएको छ ।

यसरी एक कक्षाका बालबालिकाहरुमा अध्ययन, अवलोकन, उपलब्धि मापन जस्ता साधनबाट तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण र व्याख्या गरिएको छ । प्रत्यक्ष अवलोकनमा सामाजिकिकरणका विभिन्न प्रक्रियाहरु हेरिएको छ । भने अन्य सबै भाषिक र गणितीय सीपहरु पनि मापन गर्न खोजिएको छ । लेखाइ सीपमा बालबालिकाहरुका हातहरु स्थिर भएका हुदैनन् त्यसैले लेखाइका निम्ति लिइने लिखित परीक्षामात्र उपलब्धि मापन को आधार नभई व्यवहारहरु पनि प्रत्यक्ष अवलोकन गरिएको छ । जसलाई निम्न अनुसार व्याख्या र विश्लेषण गरिएको छ :-

## ४.१ शिक्षण सिकाइको अवस्था

प्रत्यक्ष अवलोकनका लागि दामन-पालुङ उपत्यका भित्र तपशील बमोजिमका विद्यालयहरुमा अध्ययन गरिएको थियो ।

अ) श्री सरस्वती नि.मा.वि. पालुङ-४ अंगारे

आ) श्री जनकल्याण उच्च मा.वि. दामन- घट्टेचौर

इ) श्री घाटदेवी नि.मा.वि. पालुङ-९ फेदीगाउँ

ई) श्री मत्स्यनारायण मा.वि. पालुङ-७ सोल्टु

बालविकासकेन्द्र सन्चालन भएका ठाउँमा प्रशस्तै शैक्षिक सामग्री भएका र प्रयोग गर्दै र रमाउदै बालबालिकाहरु सिकिरहेका थिए । खेल्ने सामग्री, चित्रहरु, सिकाइलाई सहयोगी पोष्टरहरु र साथमा गितीलयका सिकाइमा शिशुहरु व्यस्त रहेको पाइयो । क, ख, ग, घ, ङ लाई गितीलयमा ज्ञ सम्म नै, १ देखि १० सम्मका अङ्क गितीलयमा नै र अन्य पक्षसंग सम्वन्धित गितीलयहरु प्रयोग गरिएको पाइयो । जसको कारणले एक कक्षामा पढ्ने बालबालिकाहरुलाई प्रत्यक्ष सिकाइमा सहज बनाएको देखिन्छ । शिशुहरु सिकाइमा भन्दा गित र नचाइमा नै अभ्यस्त थिए । भाषिक सिपहरु मध्ये बोलाई सीपलाई निकै प्राथमिकता दिएजसरी शिशुहरु लय हाल्न, गाउन अभ्यस्त थिए र त्यसकै प्रभावले एक कक्षामा पढ्न थालेपछि बच्चाहरुलाई सिक्न सजिलै सक्छन् भनेर शिक्षकहरुले पनि बताउनु भयो । एक कक्षामा आउनेहरुमा  बालविकासकेन्द्र चलेकै विद्यालयमा पनि बालविकासकेन्द्रमा भर्ना नभई सिधै एक कक्षामा पनि आउने गरेको पाइयो ।  तर नगन्य र थोरै मात्रमा मात्र त्यस्तो हुने रहेछ । समुदायका मानिसहरुले प्रायजसो आफ्ना शिशुहरु सानै देखि बालविकासकेन्द्रमा नै पठाउने गर्दा रहेछन् ।एक कक्षामा एकदमै थोरै आएका र बालविकासकेन्द्रमा संलग्न नभएका शिशुहरुलाई भने तुलनात्मक रुपमा असहज भएको शिक्षकहरुले बताउनुभयो ।

उता बालविकासकेन्द्र सन्चालन नभएका विद्यालयहरुमा भने एक कक्षामा सिधैं आएकाले बल्ल सिकाइको आधार शुरु हुने र त्यसका लागि सामग्रीको पर्याप्त प्रयोग गर्न नसकिएको पाइयो । बालविकासकेन्द्रमा सामग्रीको प्रयोग र गितीलयले प्रभाव पारेको थियो भने बालविकासकेन्द्र नभएका विद्यालयहरुमा साउं अक्षरहरुको प्रयास बल्ल थालनी भएकोले सिकाइ ढिलो हुनसक्ने जस्तो देखियो । यस्ता प्रक्रिया त सर्ससर्ती हेर्दै थाहा पाइन्छ । त्यसकै लागि शिशुहरुलाई सोधिएका प्रश्नहरुबाट प्राप्त समाधानहरुले पनि त्यस्तै देखिन्छ । प्रश्नपत्र प्रयोग पछि पाएको प्राप्ताङक अनुसूची ६ मा प्रस्तुत गरिएको छ । बालविकासकेन्द्रबाट एक कक्षामा आएका र सिधै आएकालाई समान कठिनाइ स्तरका प्रश्नहरु सोधिएको छ । जसमा खालीठाउँ भर्ने जोडा मिलाउने खालका छन् । पूर्णाङक निर्धारण गर्नु भन्दा पनि एक प्रश्नपत्रमा खालीठाउँ भर्ने र जोडा मिलाउने गरी १०/१० वटा समस्या दिएको छ । भाषा, गणित र अन्य सम्बन्धीत ४/४ वटा प्रश्नपत्रहरु बनाइएको छ । प्रश्नहरु अनुसूचिमा देखाइएको छ । परीक्षा लिएका विद्यार्थीहरुको नामावली अनुसूची ६ देखाइएको छ । त्यसलाई बालविबासकेन्द्रबाट आएका र सिधै एक कक्षामा आएकालाई पुरानो रेकर्डका आधारमा अलग-अलग अनुसूचीमा देखाइएको छ ।

### ४.१.१ दिएका समस्याको समाधानको अवस्था

बालविकासकेन्द्र गएर एक कक्षामा आएका र सिधै एक कक्षामा आएका गरी दुबै प्रकारका बालबालिकाहरुलाई एकै ढंगका प्रश्नहरु बनाई समाधानका लागि दिएर उक्त समस्या समाधान गरेको सङ्ख्याको आधारमा सिकाइ प्रकृयालाई वा सिकाइको प्राप्तिलाई पत्तालगाउन खोजिएको छ । लिखित प्रश्नहरु एक कक्षाका बालबालिकाहरुलाई त्यति प्रभाकारी नभए पनि सिकाइको कुनै पक्ष त अवश्य पत्ता लगाउन सकिन्छ । लिखित प्रश्नबाट सर्वपक्षीय मूल्याङ्कन सम्भव नभए पनि सिकाइका कुनै न कुनै पक्ष

त यसले समेट्न सक्छ । त्यसैले बालबालिकाहरुलाई नाम सोधेर प्रश्न वा समस्याहरुको शिरानमा नै नाम आफै लेखिदिएर समस्याहरु समाधान गर्न लगाइयो । जसबाट कुन विद्यार्थीले कति वटा समस्यासमाधान गर्न सक्यो भन्ने जानकारीका लागि विद्यार्थीको नाम शिक्षकले नै प्रश्नको शीरमा लेखिदिंदै समाधान गर्न लगाउदै गरिएको छ । त्यस प्रश्नहरु वा समस्याहरु समाधान गरी आएको प्राप्ताङ्कलाई अनुसूची ६ मा देखाइएको छ ।

उक्तमध्ये बालविकासकेन्द्रबाट आएका र सिधै एक कक्षामा आएकालाई पुरानो रेकर्डका आधारमा छुट्याएको छ । जसलाई अनुसूची ७ मा देखाइएको छ ।

बालविकास केन्द्रबाट आएका बालबालिका र परिवारबाट सिधै एक कक्षामा आएका बालबालिकाहरुीच सोधिएका प्रश्न र समाधानको अवस्थाका आधारमा प्राप्त प्राप्ताङ्कलाई टी–परीक्षणका आधारमा बालविकास केन्द्रको प्रभावकारिता देखाइएको छ । दुई नमुना समूहहरुको तुलनात्मक अध्ययन गर्दा ती समूहको मध्यकको अन्तरको विश्वसनीयता जाँच गर्न टी–परीक्षण आवश्यक पर्छ । त्यसैले यस अध्ययनमा पनि टी–परीक्षणका आधारमा बालविकास केन्द्रको प्रभावकारिता देखाइएको छ ।

टी–परीक्षणका लागि मध्यक, स्तरीय भिन्नता, मध्यकको अन्तर र मध्यकको अन्तरको प्रमाणिक त्रुटि, जेड स्कोर आदि आवश्यक छ । जसमा मध्यक र स्तरीय भिन्नतालाई अनुसूची ९ मा देखाइएको छ ।

यहाँ :

| | **बालविकास केन्द्रबाट आएका** | **सिधै कक्षा एकमा आएका** |
|---|---|---|
| मध्यक | ४.७३ | २.३३ |
| स्तरीय भिन्नता | १.४८ | १.२४ |
| विद्यार्थी सङ्ख्या | १५ | १५ |

शून्य परिकल्पना : दुई समूहको मध्यकको अन्तरमा वास्तविक भिन्नता छैन ।

मध्यकको अन्तर $M_1 - M_2 = 4.73 - 2.33 = 2.4$

मध्यकको अन्तरको प्रमाणिक त्रुटि –

$$SE_D = \sqrt{\frac{\pm_1^2}{N_1} + \frac{\pm_2^2}{N_2}}$$

$$SE_D = \sqrt{\frac{(1=48)^2}{15} + \frac{(1.24)^2}{15}}$$

$$SE_D = \sqrt{\frac{2.19}{15} + \frac{1.53}{15}}$$

$$SE_D = \sqrt{0.14+0.10}$$

$$SE_D = \sqrt{0.24}$$

$$SE_D = 0.49$$

## Z - Score

$$Z = \frac{M_1 - M_2}{SE_D}$$

$$Z = \frac{2.4}{0.49}$$

$$Z = 4.89$$

यसरी निकालिएको Z को मान दुई पुच्छे परीक्षणको 1% वा 5% लेभलको वास्तविक मान 1.96 वा 2.58 भन्दा धेरै बढी भएकाले शून्य परिकल्पना अस्वीकार गरिन्छ । यहाँ Z को मान 4.89 छ । त्यसेले यहाँ भएका दुई मध्यकबीच वास्तविक अन्तर कुनै संयोग वा नमुना त्रुटिले नभई बालविकास केन्द्रको प्रभावले नै हो । तसर्थ बालविकास केन्द्र नगई सिधै एक कक्षामा आउनेको भन्दा बालविकास केन्द्र गएर एक कक्षामा आउनेको उपलब्धिस्तर बढी छ भन्ने निष्कर्ष निस्कन्छ ।

प्रथम पटकको परीक्षणमा अङ्ग्रेजी र नेपाली भाषा सम्बन्धी प्रश्नहरु जम्मा ३० जना विद्यार्थी सामु राखिएको थियो । जसमा बालविकासकेन्द्रबाट आएका र सिधै एक कक्षामा आएकाहरुलाई एकै ढंगका प्रश्नहरु राखिएको थियो । जुन प्रश्नहरु अनुशुचिमा देखाइएको छ । त्यसमा प्राप्ताङ्क वा समाधान गरेको समस्याको सङ्ख्याका आधारमा उनीहरुको ज्ञानको तह अनुमान गरिएको  छ । यहाँ समस्या समाधाान गर्नेहरुमा १० वटा समस्याहरुमध्ये सबभन्दा बढी देखि कममा यस प्रकार छन् :-

तालिका ४.१

**समस्या समाधान गर्नेको सङ्ख्या र नामावली**

| जम्मा समस्या | समाधान सङ्ख्या | बालविकास केन्द्रबाट आएका | समुदायबाट आएका | जम्मा |
|---|---|---|---|---|
| १० | ७ | २ | – | २ |
| १० | ६ | ४ | – | ४ |
| १० | ५ | १ | २ | ३ |
| १० | ४ | ५ | – | ५ |
| १० | ३ | २ | ३ | ५ |
| १० | २ | १ | ६ | ७ |
| १० | १ | – | ४ | ४ |

माथिको तालिका नं. ४.१ अध्ययन गर्दा सबभन्दा बदि अङ्क पाउने वा सब भन्दा बढि वटा समस्या समाधान गर्ने दुई जना छन् । यी दुबै श्री पालुवा बालविकासकेन्द्रबाट आई एक कक्षामा अध्ययनरत छन् । त्यस्तै दास्रो अङ्क छ वा ६ वटा समस्या समाधान गर्ने चार जान छन् । उक्त चारैजना बालविकासकेन्द्रबाट आएका हुन् । हाल उनीहरु श्री मत्स्यनारायण मा.वि.को कक्षा एकमा दुईमा मिलन बस्नेत र युनिस लो अध्ययनरत छन् । यसैगरी ५ वटा समस्या समाधान गर्ने तीन जना छन् । उनीहरु मध्ये एकजना बरपिपल बालविकासकेन्द्रबाट आई श्री घाटदेवी नि.मा.वि.मा कक्षा एकमाअध्ययनरत छन् भने एकजना बालविकासकेन्द्रमा नआई सिधै एक कक्षा भर्ना हुन श्री मत्स्यनारायण मा.वि.मा आएका हुन् । विद्यालय भन्दा टाडा घर भएको र अभिभावको चेतना कम भएका कारण ढिलो मात्र वा ७ वर्षको भएपछि मात्र विद्यालय आएका पनि छन् । अझ बालविकासकेन्द्र जाने भन्ने त झन कुरै भएन त्यस्तै एकजना बालविकासकेन्द्र नगई सिधै श्री सरस्वती नि.मा.वि.मा एक कक्षामा आएका हुन् । चारवटा समस्या समाधान गर्ने पाँच जना छन् । उनीहरु सबै बालविकासकेन्द्र बाट आएका हुन् । उक्तमध्ये तीन जना श्री जनकल्याण उ.मा.वि.को एक कक्षा पढ्छन भने एकजना श्री घाटदेवी नि.मा.वि. र एकजना सरस्वती नि.मा.वि. मा अध्ययनरत छन् । तीन वटा समस्यासमाधान गर्ने पाँच जना छन् । जसमध्ये दुईजना बालविकासकेन्द्रबाट आई श्री सरस्वती नि.मा.वि.मा एक कक्षामा अध्ययनरत छन् भने ३ जना बालविकासकेन्द्र नगई विद्यालय आएका हुन् । उक्तमध्ये एक जना श्री घाटदेवि नि.मा.वि.मा अध्ययनरत छन् भने दुई जना श्री जनकल्याण उ.मा.वि.मा कक्षा एकमा अध्ययनरत छन् । त्यस्तै सबै भन्दा बढि सङ्ख्या दुई वटा समस्या समाधान गर्नेहरु छन् । जसमा सात जनाले दुई/दुई वटा मात्र समस्या समाधान गरेका छन् । ती मध्ये एकजना बालविकासकेन्द्रबाट आई श्री जनकल्याण उ.मा.वि.मा एक कक्षामा पढ्छन् भने, दुईजना श्री मत्स्यनारायण मा.वि.मा एक कक्षामा पढ्छन् । त्यस्तै दुई जना घाटदेवी

नि.मा.वि.मा र दुईजना श्री सरवस्ती नि.मा.वि.मा कक्षा एकमा अध्ययनरत छन् । त्यस्तै एकमात्र समस्या समाधान गर्ने चार जना छन् । चारैजना बालविकासकेन्द्र नगई आएका हुन् । दुई जना जनकल्याण उ.मा.वि.मा एक कक्षामा पढ्छन् भने दुई जना मत्स्यनारायण मा.वि.मा एक कक्षामा अध्ययनरत छन् ।

यसरी यस परीक्षण प्रयोगबाट सबभन्दा बढि समस्या समाधान गर्ने बालविकासकेन्द्रबाट आएका बालबालिका नै भएको देखिन्छ । ७ र ६ वटा समस्या समाधान गर्नेहरु ३ र ४ जना सबै नै बालविकासकेन्द्र बाट आएकाहरु हुन् । ५ वटा समस्या समाधान गर्ने तीन जना मध्ये एक जना बालविकासकेन्द्रबाट आएका हुन् भने दुई जना बालविकासकेन्द्र नगई सिधै विद्यालयीय शिक्षामा आएका छन् । चारवटा समस्या समाधान गर्ने पाँच जना सबै बालविकासकेन्द्रबाट आएका हुन् । बाँकी ३ र सो भन्दा कम समस्या समाधान गर्ने बालबालिकाहरु बलविकासकेन्द्र नगएकै हुन् । तथापि बालविकासकेन्द्र गएका सबैले राम्ररी समाधान गरेको भन्न सकिन्न । बालविकासकेन्द्र गएका पनि चारजनाले कमै वटा समाधान गरेका छन् भने दुई जनाले बालविकासकेन्द्र नगए पनि ५/५ वटा समस्या समाधान गर्न सकेका छन् । तर पनि वढि समाधान गर्नेहरु बालविकासकेन्द्र बाट आएकाहरु नै हुन् । यसबाट पनि हामी बालविकासकेन्द्रले सिकाइमा राम्रै प्रभाव पारेको छ भन्न सक्छौं ।

लिखित प्रश्न वा समस्या समाधान गरेको आधारमा मात्र सबै ज्ञान मापन हुन्छ भन्न सकिन्न । लेखाइका लागि हात स्थिर भइनसक्नु , मनमा लागेको कुरा लेखेर व्यक्त गर्न नसक्नु , लेखाइ सीपको विकास भइसकेको नहुनु आदि जस्ता कारणले लिखित समस्याहरुमात्र बाट सर्वपक्षीय मूल्याङ्कन हुन्छ भनी उल्लेख गर्न सकिदैन तर कुनै न कुनै पक्षहरु वा सिकाइका कुनै पाटाहरु भने समेटेको हुन्छ । त्यसैले प्रथम पटकको लिखित प्रकृया वा समस्या समाधानका आधारमा भन्नुपर्दा बालविकासकेन्द्रहरुबाट आएकाले नै बढी समस्यासमाधान गरेको पाइयो सिकाइका विविध पक्षमध्ये कुनै-कुनै पक्ष समेट्न सक्ने भएकोले यसबाट पनि बालविकासकेन्द्रको राम्रो प्रभाव अनुमान गर्न सकिन्छ ।

### ४.१.३ स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरु

लिखित रुपमा दिएका समस्याहरु र समाधान गरेको प्रकृया बाट प्रथम पटकको प्रयोग हेरिसकेपछि प्रत्यक्ष अवलोकनको आवश्यकता महसुस भयो । त्यसकालागि मौखिक प्रश्न, बालविकाको कृयाकलाप आदिका लागि अन्तरवार्ता र कक्षा अवलोकन गरियो । जसमा बालगितहरु गाउन, अभिवादन गर्न, विभिन्न सामग्रीलाई छुन, चलाउन सधै शिक्षकहरुसंग बोल्न, दुःख-सुखका गफ गर्न, साथीसंग मिलेर बस्न जस्ता सामाजिकिकरण र सिकाइ तर्फका कार्यहरु गरेको-नगरेको र त्यसमा पनि बालविकासकेन्द्रबाट आएका र बालविकासकेन्द्र नगई आएकाहरुलाई छुट्याउने प्रयास स्वरुप स्थलगत अवलोकन गरिएको छ । जस्मा प्राप्त विवरण तालिकामा देखाइएको छ । बालविकासकेन्द्रमा शिक्षण सिकाइ कृयाकलाप सन्चालन गर्दा सहयोगी कार्यकर्ताको तालिम, योग्यता, भाषा, धर्म, अनुभव, वैवाहिक स्थिति, लिङ्ग आदिले प्रभाव पार्दछ । सकेसम्म वैवाहिक र बच्चा भएको सहयोगी कार्यकर्ता हुनु उपयुक्त

मानिन्छ । जसबाट बालबालिकाको बानी व्यवहार आदि पहिचान गरी स्तन्त्ररुपमा सिक्ने वातावरण प्रदान हुन्छ । प्रारम्भिक बालविकासकेन्द्रमा सहयोगी कार्यकर्ताको व्यवस्थित प्रस्तुतिकरणबाट शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी र अर्थपूर्ण हुनुका साथै बालवालिकाको सक्रियता, सहभागिता बढाउन र अपेक्षित व्यवहार परिवर्तन गर्न सहयोग पुग्दछ । त्यसकै असरबाट क्रमशः एक कक्षामा पढ्न आउने बालबालिकालाई पनि सकारात्मक प्रभाव पार्ने वा सिकाइमा सहजता हुने देखिन्छ । जसका लागि प्रत्यक्ष अवलोकनका आधारमा तथ्याङ्क समावेश गरिएको छ जसलाई अनुसूची १० मा देखाइएको छ ।

**तालिका ४.२**

**सामाजिकीकरणसँग सम्बन्धित गतिविधिहरुको विवरण**

| क्र.सं. | बालगीत गाउने | बालविकास केन्द्रबाट आएका | समुदायबाट आएका | जम्मा |
|---|---|---|---|---|
| १ | बालगीत गाउने | १६ | – | १६ |
| २ | बालगीत गाउन नजान्ने | २ | १२ | १४ |
| ३ | अभिवादन गर्ने | २४ | १ | २५ |
| ४ | अभिवादन नगर्ने | १ | ४ | ५ |
| ५ | शिक्षकले भनेका कथा ध्यानपूर्वक सुन्ने | २५ | २ | २७ |
| ६ | शिक्षकले भनेका कथा ध्यानपूर्वक नसुन्ने | – | ३ | ३ |
| ७ | बालकथा भन्ने | ५ | | ५ |
| ८ | बालकथा नभन्ने | १ | २४ | २५ |
| ९ | शिक्षकसँग दोहोरो कुरा गर्ने | १५ | २ | १७ |
| १० | शिक्षकसँग दोहोरो कुरा नगर्ने | २ | ११ | १३ |
| ११ | घर जाने बेला विदाइ गर्ने | १८ | २ | २० |
| १२ | घर जाने बेला विदाइ नगर्ने | ४ | ६ | १० |

सामाजिकीकरणका लागि आवश्यक सिकाइहरु वा सामाजिक गतिविधिहरु गीत, अभिवादन, सुनाइ, बोलाइ वा कुराकानी विदाइ आदिका कार्यहरुमा व्यापक विविधता पाइयो । शिशुहरु स्वभावले नै घरभन्दा वाहिरको नयाँ र नौलो परिवेशमा सहजढङ्गले घुलमिल हुँदैनन् । उक्त सबै प्रकृयाहरु विद्यालयीय कार्यक्रममा देखिएका क्रियाकलापहरु हुन् । विद्यालय नआउदैमा बालविकास कार्यक्रमको सम्पर्कबाट भएको सिकाइ सामाजिक व्यवहार र अन्य क्रियाकलाप आदिका आधारमा बढेको सिकाइका प्रभावले ती व्यवहारहरु प्रभावित छन् भन्न सकिन्छ ।  कक्षामा शिक्षण गर्ने शिक्षक शिक्षिकाहरु पनि प्रायजसो बालगीतहरु एक कक्षामा आउदा पहिले नै सिकिसकेका हुन्छन् भन्नुहुन्छ । बाल गीतहरुमा यस क्षेत्रका विद्यालयहरुमा प्राय एकै प्रकारका गीतहरु प्रयोग भएको पाइयो । चित्र सहितका गीतहरु प्रयोगमा

रहेछन् । क, ख, ग, घ सिकाउन क देखि ज्ञ सम्मका नै गीतीलयहरु रहेछन् । त्यसमा बालविकासकेन्द्रमा प्रयोग भएको चित्र सहितका गीतहरुमा :-

क, ख, ग, घ, ङ पढिसक्यौ कि ?

कमलको पातमा झण्डा देख्यौ कि ?

साथमा कमलको फूलको पातमा सानो घर भएको रङ्गीन चित्र पुस्तकमा र बालविकासकेन्द्रको भित्र पट्टि भित्ताहरुमा थिए । त्यसकै प्रभावबाट एक कक्षामा चित्र नभए पनि तिनै गीतहरु बालबालिकाहरुले गाउदा रहेछन् । क देखि ज्ञ सम्मका त्यस्तै गीती प्रकृयाहरु प्रस्टसंग गाएर प्रस्तुत गर्दा वोलाइ सीपको विकास लयवद्ध ढंगले गायनमा अभ्यास, सुनाइ सीपको विकास साथमा क, ख, ग, घ लाई ज्ञ सम्म नै गीतबाट प्रस्तुत हुँदा अक्षरहरु पनि त सिकाइ भयो । त्यस्तै जोड घटाउ सम्बन्धी वा गणितीय प्रकृयासंग सम्बन्धी पनि गीतहरु गाउने गरेको पाइयो । जसबाट गीतको माध्याबाट पनि सिकाइ भएको भन्न सकिन्छ र उक्त सिकाइको प्रभाव प्रत्यक्ष रुपमा एक कक्षामा परेको देखिन्छ । जो बाल गीतहरु जान्दछ त्यसले चाँडै साउं अक्षर, संङ्ख्या थाहा पाउने र जो उक्त गीतहरु जान्दैन जानेर पनि गाउन सक्तैन उसले अक्षर चांडो नसिकेको कुरा शिक्षक शिक्षिकाहरु बताउनु हुन्छ । माथिको तालिका नं. ४.५ लाई हेर्दा बालगीतहरु गाउन सक्ने बालबालिकाहरु बालविकासकेन्द्रबाट आएका नै धरै पाइन्छ । बालविसकेन्द्र नगई कक्षा एकमा आएका बालबालिकाहरु भने बालगीत गाउन नजान्ने भएकोले बालगीतकै कारणबाट सहज रुपमा सिकिने क, ख, A, B, C, D, र सामान्य गणितीय प्रक्रियाहरु उनीहरुलाई सिक्न बढि समय लागेको छ । यो पनि बालविकास कार्यक्रमको प्रभावकारी पक्ष हो । यसरी सिकाइमा बालविकास कार्यक्रमले सही र सकात्मक पक्षको विकास गरेको पाइन्छ ।

यसैगरी समाजमा घुलमिलका लागि वा सामाजिकिकरणका लागि अभिवादन र विदाइ गर्ने प्रक्रिया पनि उल्लेख्य छ । जसमा आफू भन्दा ठूलासंग नमस्कार गर्नु, शिष्टतापुर्वक विदाइ गर्नु पनि सिकाइको महत्वपुर्ण पाटो हो । जसमा सामाजिकिकरण थालनीको प्रक्रिया साथी - दौंतरी र अर्को पक्ष शिक्षकसंग प्रदर्शन गर्ने व्यवहार पनि हो । आफू भन्दा ठूला व्यक्ति भेट हुँदा नमस्कार गर्नु सिकाइको राम्रो आधार हो । शिक्षकहरु त्यसमा पनि उनीहरुको कक्षामा आउने शिक्षकलाई मात्र नमस्कार गर्ने र विद्यालयमा देखिएका सबै शिक्षकहरुलाई नमस्कार गर्ने साथमा कसैलाई पनि नमस्कार नगर्ने अझै शिक्षकले नमस्कार गर भनेमामात्र गर्ने जस्ता प्रक्रियाहरु देखिए । घुलमिल हुने वा सामाजिकिकरण प्रकृया सिक्ने प्रकृया यसरी नै सुरुवात हुने भएकाले यसलाई सिकाइको महत्वपूर्ण पक्षका रुपमा लिन सकिन्छ । यस पक्षमा हेर्दा अभिवादन गर्ने र विदाइ गर्ने प्रकृयामा बालविकासकेन्द्रबाट आएका बालबालिका नै बढी पाइयो । बालविकासकेन्द्र नगई सिधै एक कक्षामा आएकाहरु भने कमै ले मात्र नमस्कार र विदाइ गरेको पाइयो । यसबाट पनि बालविकासकेन्द्रले बालबालिकाहरुलाई सामाजिकिकरण हुन मद्दत गरेको छ भन्न सकिन्छ । अभिवादन र विदाई दुबै सिकाइका निम्ति, समाजमा घुलमिल हुनका निम्ति सहयोगी तत्वहरुहुन् । सामाजिकिकरण पनि बालबालिकाको चौतर्फी बिकास मध्ये एक पक्षमा पर्न आउछ । त्यसैले

बालविकास कार्यक्रमले बालबालिकाको सिकाइमा प्रभाव पारेको प्रष्ट पाउन सकिन्छ किनकि बालविकासकेन्द्रबाट आएका बालबालिकाहरु नै बढि अभिवादन गर्ने र विदाइ गर्ने कार्यमा संलघ्न रहेको पाइन्छ ।

बोलाइ सीपका लागि गीतीलय वा वालगीत त छदैछ त्यसको अलावा कथा भन्ने प्रकृयालाई पनि आधार लिइएको थियो । त्यसका पक्षमा अध्ययन गर्दा धेरै बालबालिकाहरुले कथा भन्न नसकेको पाइयो । त्यो वोलाइ सीपको माथिल्लो चरण पनि हो । बाल कथा भन्न सक्नु, त्यसको घटना क्रम मिलाउनु सिलसिलेवर मिलाई कथाले पूर्णता पाउनु चाँहि एक कक्षाका बालबालिकालाई असम्भव कुरा हो । तै पनि सुनेको कुरा स्मरणमा राख्ने, जानेको बुझेको कुरालाई अभिव्यक्त गर्ने प्रकृया भने अवश्य हो भनी कथा भनेको नभनेको आधारमा सुनाइ र वोलाइ सीपको मापन गर्न खोजिएको हो । यस पक्षमा हेर्दा जम्मा पाँचजनाले मात्र कथा भनेको त्यो पनि पूर्ण रुपमा सबै घटना क्रम मिलाउन नसकी अपूरो भन्ने गरेको पाइयो । वोलाइ सीपको माथिल्लै पक्ष भएकोले पनि होला कथा भनाइलाई वा कथा भन्ने क्रमलाई बालबालिकाले सहजै प्रस्तुत गर्न सकेनन् । जहाँ पाँचजनाले अपूरो कथा भने ती सबै पाँचैजना बालविकासकेन्द्रबाट आएकाहरु हुन् । उनीहरुलाई उक्त कथा कसले भनिदिएको भनी सोध्दा घरमा हजुरआमा हजुरबाले भनिदिएको भनी बताए । फेरि पहिले मिसले भन्नलगाउनु हुन्थ्यो अनि थाहापाएको भन्ने कुरा बताए । आफूले घरमा सुनेको कुरा पहिले बालविकासकेन्द्रमा पनि प्रस्तुत गर्दा रहेछन् । त्यसैले अहिले पनि अपूरो मात्र भएपनि वताउने गरेको पाइयो । यो पनि सिकाइको प्रभावकारी पक्ष हो तर सबै बालबालिकाले त्यसरी गीत प्रस्तुत गरे झैं गरी कथा भन्न सकेनन् र भन्नेले पनि अपूरो भने । अपूरो भन्नेहरु पनि बालविकासकेन्द्रबाट आएका नै थिए । यसबाट पनि प्रष्ट हुन्छकि बालविकासकेन्द्रमा सिकाइको प्रभावकारी पक्ष पाउन सकिन्छ ।

सुनाइका लागि शिक्षकले कथाहरु भन्दा वा पढ्ने अन्य विषयवस्तु बताइदिंदा, वोर्डमा लेखिदिएका शब्द, अक्षर र अङ्कहरुलाई सस्वर वाचन गर्दा ध्यानपुर्वक सुनेमा पनि सिकाइ हुन्छ । अस्थिरता र चन्चले स्वभावका बालबालिकाहरुले स्थिर भएर सुन्न उनीहरुको रुचीको विषय प्रस्तुत गरेमा मात्र ध्यानपुर्वक सुन्नेगरेको पाइयो । स्वाद लिने, चाख्ने संग संगै अकार पहिचान, अंक पहिचान र आवाज सुन्ने प्रकृया साथ-साथमा हुँदै जाने र विस्तारै वृद्धिहुने प्रकृयाहरु हुन् । त्यसको विकास बालविकासकेन्द्रमा र कतिपय अवस्थामा घरमा नै वृद्धि भएको पाइन्छ । त्यसैले विद्यालयको परिवेशमा धरै ठूलो समूहमा बस्नु पर्दा बालबालिकाहरु एक अर्काको कुरा सुन्ने र सुनाउने गर्दछन् । अब कुरा आउछ शिक्षकले भनेको कुरा ध्यानपूर्वक सुने-नसुनेको । त्यसमा पनि शिक्षकले भन्नु भनेको सिकाउन प्रेरित गर्नु हो वा विषयवस्तु सिकाउनु हो । सिक्न उपयुक्त विषयवस्तु भन्दा पनि उनीहरु वा बालबालिकाहरुले रुचिलिने खालका गीतीलय वा कथाहरुमा ध्यानपूर्वक सुन्नेगरेको पाइयो । शिक्षकले बाल कथाहरु भन्दा प्राय सबैजना ध्यान दिएर नै सुन्दारहेछन् । सुनाइ सीपको विस्तारका लागि बालबाविकासकेन्द्रबाट नै प्रयास गरेको देखिन्छ । ३ जनाले ध्यानपूर्वक सुन्ने नगरेको पाइयो । जसमा

कक्षामा शिक्षण गर्ने शिक्षक शिक्षिकाहरुका अनुसार ठूला व्यक्तिहरु नजिक आउदा डरमान्ने गरेका बालबालिका शिक्षकसंग दोहोरो कुरागर्न र शिक्षकले वताएका कथाहरु सुन्न नचाएको वताउनु भयो । उनीहरुको वसोवासको घर डाँडामाथि एक्लै घर भएको र गाउँ समाजका अन्य व्यक्तिसंग पनि घरमा भेट नहुने र बालविकासकेन्द्र पनि नगई उमेर निकै ठूलो हुँदा मात्र विदालय प्रवेश गरेको कारण त्यस्तो घुलमिल हुन नसकेको जस्तो बुझिन्छ । प्रधानाअध्यापकले उनीहरु विद्यालय प्रवेशको दोस्रो-तेस्रो महिना सम्म त विद्यालयबाट भागेर घर जाने गरेको बताउनु भयो । विद्यालयसमयभरि विद्यालयमा नै राख्न धेरै प्रयास गर्नु परेको वहाँले बताउनु भयो । धेरै पछिबाट विद्यालयमा बस्ने गरे पनि अरु विद्यार्थी साथीहरुसंग साथै शिक्षकहरुसंग कुरागर्ने, सोधेको बताउने र भनेकोकुरा ध्यानदिएर सुन्ने आदि जस्ता कामहरु गर्ने नगरेको पाइयो । अरु विद्यार्थी भने सबैले नै शिक्षकले भनेको कथाहरु ध्यान दिएर सुन्ने गरेको पाइयो । ध्यानदिएर सुन्नु पनि सिकाइको महत्वपूर्ण पक्ष हो । बालबालिकाहरुले ध्यानदिएर सुने भने पछिका लागि सिक्न आधार पक्कै तयार हुन्छ, सुनाइ सिपको पक्कै विकास हुन्छ, संझिने, सोच्ने, विश्लेषण गर्ने, तर्क गर्ने जस्ता सिकाइका लागि आधार तयार हुन्छ । यसरी शिक्षकले बताएका कथा ध्यानपूर्वक सुनेर पनि सिकाइको आधार तयार हुने भएकोले सिकाइमा सुनाइ सिप बढाउन बालविकासकेन्द्रको सहयोग वा आधार सहजै रुपमा प्रस्ट्याउन सकिन्छ । सिकाइको प्रारभिक चरण सुनाइ बाट नै विकास हुने भएकोले सुनाइलाई सिकाइको अभिन्न अंग वा भाषिक सीप मध्ये महत्वपूर्ण मानिन्छ । चन्चलता र अस्थिरता शिशुहरुको विशेषता नै हो । त्यहि विशेषताका कारण उनीहरु अरुको कुरा स्थिर भएर ध्यानदिएर सुन्दै एकै ठाउँमा बस्न सक्तैनन् । शिक्षक-शिक्षिकाहरु कथा भनेमा, बालगीत गाएमा ध्यानदिएर सुन्छन् भन्नुहुन्छ । अन्य कुराहरुमा कुकुर, बाघ, विरालो, भूत आदिको कुरा गर्दा पनि ध्यानदिएर सुन्ने गरेको शिक्षकहरु बताउनु हुन्छ । पढाइका कुरा पनि गितीलयबाट नै प्रस्तुत गर्छौं भन्दै शिक्षिकाले बताउनु हुन्थ्यो । यसरी बालगीतको प्रारम्भिक सुनाइ बालविकासकेन्द्रमा नै भएको हो । बालबालिकाहरुको सुनाइका माध्यमबाट बोलाइ सीपको पनि विकास हुन्छ । यसमा पनि बालविकासकेन्द्रले नै सुनाइ सीपको विकास गर्न थप सहयोग गर्ने कुरा प्रष्टहुन्छ ।

शिक्षकसंग दोहोरो कुरा गर्नु पनि सिकाइ भित्र सामाजिकिकरणको सङ्केत हो । शिक्षकसंग भन्दा पनि शिक्षिकाहरुसंग बढी घुलमिल हुने र दोहोरो कुरा गर्ने गरेको पाइयो । कोही सोधेको कुरा बताउने र कोही सोध्दा पनि केही नबोल्ने गरेको शिक्षक-शिक्षिकाहरु बताउनुहुन्छ । सोधेको जवाफ दिनु नै दोहोरो कुरा गराइको सङ्केत हो । यस अध्ययनमा बाह्र जनाले चाँहि दोहोरो कुरा नगर्दा रहेछन् । यहाँ दोहोरो कुरा नगर्ने र शिक्षकसंग डराउने पनि बालविकासकेन्द्र नगइ आएकाहरु छन् । त्यसमा पनि कुनै-कुनैको त ठूला मान्छेसंग नबोल्ने र आदत पनि कम बाल्ने हुन्छ । त्यसैले पनि शिक्षकसंग दोहोरो कुरा नगर्दा सिकाइ कम भएको भन्न सकिदैन । शिक्षकसंग नजिकै आउनु, अनुहारमा हेर्नु, प्रतिकृया देखाउनु वा मुस्कुराउनुपनि सामाजिकिकरणको प्रारम्भ हो । दोहोरो कुरा गरे जस्तै अन्य प्रतिकृया देखाउनु, मुस्कुराउनु, नजिकै आउनु, शिक्षकको अनुहारमा हेर्नु पनि घुलमिल हुने, मिल्ने र नडराएको सङ्केत हो । त्यसमा बोल्नु पर्छ, गफ गर्नु पर्छ भनिएको हैन, शिक्षकसंग अन्तरक्रियाको प्रकृया रहोस भनिएको मात्र

हो । त्यो अन्तरक्रियाको प्रकृया पनि बालविकासकेन्द्रबाट नै शुरु हुने कुरा निर्बिबादै छ । बालविकासकेन्द्रमा सहयोगी कार्यकर्तासंगको कृयाकलापले दोहोरो अन्तरक्रिया गर्ने सिकाएको प्रष्ट छ । किनकी बालविकासकेन्द्रबाट आएका बालबालिकाहरु शिक्षक शिक्षिकासंग अन्तरक्रिया सहजै गर्ने र बालविकासकेन्द्र नगई एक कक्षामा आएका बालबालिकाहरु दोहोरो अन्तरक्रियामा कम सामेल हुने कुरा पाइयो । सिधै एक कक्षामा आउनेहरु चाहीं शिक्षकसंग कम बोल्ने, असजिलो गरी अनुहारमा हेर्ने, मुस्कुराउन नचाहने, लाज मान्ने र कोही-कोही डराउने पनि पाइयो । त्यसमा पनि घर-परिवार र समाजका कारण कुनै-कुनै बालविकासकेन्द्र नगएर पनि शिक्षकसंग दोहोरो प्रतिकृया देखाउने गर्दा रहेछन् । यस पक्षबाट पनि बालविकासकेन्द्रको सामाजिकिकरणको पक्ष राम्रो मान्न सकिन्छ । सामाजिकिकरण राम्रो हुनु नै सिकाइको अर्को महत्वपूर्ण पाटो हो । यस तथ्यबाट पनि बालबालिकाको सीकाइमा बालविकासकेन्द्र प्रभावकारी छ भन्न सकिन्छ । र प्रभावकारी रहेको पनि छ ।

बालबालिकाको सर्वपक्षीय गतिविधि हेरेर मात्र राम्रो मूल्याङ्कन हुन सक्तछ त्यसैले बालबालिकाका गतिविधि हेर्दा विद्यालय छुट्ने बेलामा विदाइ गर्ने गरेको र नगरेको अवस्थाबाट पनि बालबालिकाको सामाजिकिकरण प्रकृया अवलोकन गर्न सकिन्छ । यस पक्षबाट हेर्दा जम्मा दश जनाले विदाइ गर्ने नगरेको पाइयो । जसमध्ये दुई जना बालविकासकेन्द्रबाट एक कक्षामा आएका हुन भने बाँकि आठ जना बालविकासकेन्द्र नगई सिधै एक कक्षामा आएका हुन् । बालविकासकेन्द्रमा नै साधारण सिकाइ भएका कारण भेट हुदाँ अभिवादन र छुट्ने समयमा विदाइ गरेको आधारमा बालविकासकेन्द्रले सिकाइको अर्को पक्षलाई आधार प्रदान गरेको छ । अब कुरा आउछ बालविकासकेन्द्र नगई एक कक्षमा आउनेहरुको । उनीहरु पनि त समाजको एक अभिन्न अङ्गका रुपमा रहको पविारबाट सिकेका साथमा अरुले गरेको देखेर पनि जानेका हुन् । बालविकासकेन्द्रबाट आउनेहरु चाँहि सहजै अभिवादन र विदाइ नसिकाइ कन गर्ने गरेको कुरा शिक्षक शिक्षिकाहरुले बताउनु भयो । अध्ययनका लागि हामी नौलो मान्छे जाँदा कतिपयले बोल्न नचाहेको देखियो । कुनै-कुनै बालबालिकाहरु हामीले प्रश्न सोध्दा पनि डराउथे र सोधेको प्रश्नको जवाफ दिँदैनथे । अनि उनीहरुको विवरणका लागि शिक्षकहरुको सहयोग माग्नु पर्‍यो । सोधेको प्रश्नको जवाफ दिनु पनि सामाजिकिकरणको ठूलो उपलब्धिको पक्ष हो । किनकी बालबालिकाहरुका लागि हामी त नयाँ र नौलो मान्छे थियौं । शिशुहरुको गतिविधि हेर्दा नयाँ मान्छेसंग गर्ने व्यवहार र उनीहरुका शिक्षकसंग गर्ने व्यवहारमा फरक पाइयो । हामीलाई अभिवादन पनि गरेनन् र बिदाइ पनि गरेनन् । म आफैले जाने बेलामा हात हल्लाउंदा सबैजनाले हँसिलो मुद्रामा विदाइ गरे । तर पछि पटक-पटक जान थाले पछि भने म संगको उनीहरुको व्यवहार सहज हुन थालेको पाइयो । अर्को-अर्को पटक जाँदा भने अभिवादन गर्ने, विदाइ गर्ने आदि जस्ता गतिविधि बालबालिकाहरुले देखाए । बिस्तारै नौलो पन हटेर गयो । यसबाट पनि घुलमिल हुन खोज्नु, प्रश्नोत्तर गर्नु, जस्ता प्रकृया सिकाइका आधार हुन् भन्न सकिन्छ । यस पक्षबाट पनि बालबालिकाको सिकाइमा बालविकासकेन्द्रको सकारात्मक भूमिका प्रष्ट हुन्छ ।

यो त भयो अप्रत्यक्ष रुपमा सिकाइमा परेको प्रभाव । प्रश्न र उत्तरमात्र सबै मापदण्डको कसी हैन त्यसैले लिखित परीक्षा वा दिएका प्रश्न र समस्याहरु अनि तिनीहरुको समाधानका आधारमा राखिएको प्राप्ताङ्कलाई मात्र सिकाइको प्रभावकारीता कम बढी भन्नु त्यति सान्दर्भिक नहोला । त्यहिकारण व्यवहार अवलोकनबाट पनि तथ्य लिइएको छ । प्रत्यक्ष अवलोकनमा सुनाइ र बोलाइका सिकाइका अवस्था पत्ता लगाउने प्रयत्न गरियो । सुनाइ र बोलाइ सीपका लागि अवलोकनबाट प्राप्त अवस्थालाई माथि प्रस्तुत गरिएको छ । त्यस पक्षबाट हेर्दा बालविकासकेन्द्रको सिकाइको सकारात्मक पक्ष वा सकारातत्मक प्रभाव पत्तालगेको छ । सबै पक्षबाट बालविकासकेन्द्रको पक्ष सकारात्मक रहेको पाइयो ।

अब पुनः लिखित परीक्षा वा समस्याहरु र उक्त समस्या समाधानका अवस्थाबाट प्राप्त प्राप्ताङ्कका आधारमा सिकाइको अवस्था वा प्रभावकारीता पत्ता लगाउने प्रयास गरेको छु । जसमा पहिले अङ्ग्रेजी र नेपालीका वा भाषा विषयका प्रश्नहरु राखेर प्रथम चरणमा प्राप्ताङ्क विश्लेषण गरिएको छ भने अबको प्रश्नमा गणित र विज्ञानसंग सम्बन्धित प्रश्नबाट प्राप्त प्राप्ताङ्कहरुलाई प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । दोस्रो पटकको प्रयोगबाट प्राप्त तथ्यलाई व्याख्या विश्लेषणबाट बालविकासकेन्द्रको प्रभावकारीतालाई प्रस्तुत गरिन्छ । लिखित परीक्षा र त्यसबाट प्राप्त प्राप्ताङ्कका आधारमा पहिलो प्रयोग भाषा विषय थियो र जसको प्राप्ताङ्क र त्यसको व्याख्या विश्लेषण माथिल्लो तहमा प्रस्तुत गरिएको छ । जसलाई अनुसूची ६ ले प्रष्ट पारिसकेको छ । अबको पुनः गणित र विज्ञानसंग सम्बन्धित प्रश्नबाट प्राप्त प्राप्ताङ्कलाई प्रस्तुत गरिन्छ साथमा प्रश्नहरु र समाधान गर्नेको नामावली अनुसुची ११ मा प्रस्तुत गरिएको छ । त्यसमा प्राप्त प्राप्ताङ्कका आधारमा उनीहरुको ज्ञानको तह अनुमान गरिएको छ ।

**तालिका ४.३**

**गणित र विज्ञान प्रश्नहरु समाधान गर्नेहरुको अवस्था**

| जम्मा समस्या | समाधान सङ्ख्या | बालविकास केन्द्रबाट आएका | समुदायबाट आएका | जम्मा |
|---|---|---|---|---|
| १० | ८ | १ | - | १ |
| १० | ७ | ५ | - | ५ |
| १० | ६ | २ | २ | ४ |
| १० | ५ | ६ | १ | ७ |
| १० | ४ | १ | ६ | ७ |
| १० | ३ | - | ५ | ५ |
| १० | २ | - | १ | १ |

समस्याहरुमा सबभन्दा बढी अङ्क पाउने वा सबभनदा बढी समस्याहरु समाधान गर्ने एक जना हुन् । उनले जम्मा आठ वटा समस्याहरु समाधान गरेका छन् । उक्त विद्यार्थी पालुवा बालविकासकेन्द्रबाट आई एक कक्षामा अध्ययनरत छन् । त्यस्तै प्राप्ताङ्कमा ठूलोबाट सानोको क्रममा मिलाउँदा दोस्रो अङ्क सात रहेको छ । सातवटा समस्याहरु समाधान गर्ने पाँचजना रहेछन् । उनीहरु पाँचैजना बालविकासकेन्द्रबाट एक कक्षामा पढ्दैछन् । उनीहरु सबै श्री मत्स्यनारायण म.वि.मा पढ्ने एक कक्षाका विद्यार्थीहरु हुन् । ६ वटा समस्या समाधान गर्ने चार जना छन् । ती मध्ये एकजना बरपिपल बालविकासकेन्द्रबाट आई श्री घाटदेवी नि.मा.वि.मा कक्षा एकमा अध्ययनरत छन् । एकजना बालविकासकेन्द्र नगई सिधै एक कक्षामा पढ्न श्री मत्स्यनारायण मा.वि.मा आएका हुन् । अरु एक कक्षामा अध्ययन गर्ने भन्दा उनी अलि उमेर ठूलो भएका छन् । त्यस्तै एकजना बालविकासकेन्द्र नगई श्री सरस्वती नि.मा.वि.मा पढ्न आएका हुन् र एकजना बालविकासकेन्द्रबाट आएर श्री जनकल्याण उच्च माध्यमिक विद्यालयमा कक्षा एकमा अध्ययनरत छिन् । अर्को चरणमा ५ वटा समस्या समाधान गर्ने वा पाँच अङ्क प्राप्त गर्ने सात जना छन् । जसमध्ये तीनजना बालविकासकेन्द्रबाट आई श्री सरस्वती नि.मा.वि.मा कक्षा एकमा अध्ययनरत छन् । दुईजना बालविकासकेन्द्रबाट आएका हुन् र उनीहरु श्री जनकल्याण उ.मा.वि.मा कक्षा एकमा पढ्दैछन् । त्यस्तै एक जना बालविकासकेन्द्रबाट आई घाटदेवी नि.मा.वि.मा र एकजना बालविकासकेन्द्र नगई घाटदेवी नि.मा.वि.मा नै अध्ययनरत छन् ।

एवं ढंगले चारवटा समस्याहरु समाधान गर्ने वा चार अङ्क प्राप्त गर्ने सात जना छन् । उनीहरु मध्ये बालविकासकेन्द्रबाट आएका एकजना मात्र हुन् । अरु सबै ६ जना बालविकासकेन्द्र नगई सिधै एक कक्षामा आएकाहरु हुन् ।

तीनवटा समस्या समाधान गर्ने वा तीन अङ्क पाउनेहरु पाँचजना छन् । उनीहरु सबै बालविकासकेन्द्र नगई सिधै एक कक्षामा भर्ना हुन आएका हुन् । त्यस्तै दुईवटा समाधान गर्ने वा सब भन्दा कम अङ्क ल्याउने एकजना हुन् । उनले दुईवटा मात्र समस्या हल गरेका छन् । उनी पनि बालविकासकेन्द्र नगई सिधै एक कक्षामा आएका हुन् ।

यसरी दुई पटकका प्रयोगहरुमा बालविकासकेन्द्रबाट आएकाहरु नै अगाडि देखियो । लिखित समस्याका समाधानहरुमा धेरै र सजिलै समस्या समाधान गर्ने बालविकासकेन्द्रबाट आएकाहरु पाइयो । हुन त बालविकासकेन्द्र नगई सिधै आउने पनि समस्या समाधान गर्ने तर तुलनात्मकरुपमा कम र ढिलो समाधान गर्ने गरेको पाइयो । लेखाइमा हात स्थिर हुने शिक्षकसंग अन्तरक्रिया गर्ने आदि प्रकृया हेर्दा पनि बालविकासकेन्द्र गएर एक कक्षामा विद्यालय आएकाहरु नै अगाडि रहेको पाइयो । फेरि बालविकासकेन्द्रबाट आएका चाँही सबै एकै ढङ्गका तगडा भने हैन । उनीहरु पनि कुनै कुनै कममात्र समस्या समाधान गर्ने पनि पाइयो । तर यस अध्ययनमा दुई तर्फको तुलना गर्नु पर्ने हुँदा तुलनात्मक रुपमा सिधै एक कक्षामा आउनेहरु केहि पढाइ, लेखाइको क्रम नसिकिसकेका र बालविकासकेन्द्र गएर आएका पढाइ लेखाइको क्रम सिकेका पाइयो । लेखाइ सीपलाई वढावा गर्न त्यति सहज नभए पनि

सामाजिकिकरणका क्रमहरु अभिवादन गर्नु, शिक्षकसंग दोहोरो कुराकानि गर्नु, हिड्ने बेलामा विदाइ गर्नु, जानेको-सुनेको कथा क्रम मिलाएर वा नमिलाई भन्नु आदि जस्ता प्रकृयाहरु सकरात्मक पक्षकाछन् । ती सामाजिकिकरणका क्रमहरु पनि सिकाइका : अन्तरक्रियाका लागि, मौखिक सिकाइ वा बोलाइ सीपकालागि आधार हुन् । लिखित परीक्षा भनेको त औपचारिकतामा सीमित हुने मात्र हो । लेखाइ परीक्षाले सर्वपक्षीय मूल्याङ्कन हुन सक्तैन । त्यसैले लेखाइ भन्दा वाहेकका अन्य क्रियाकलापहरुअनुसूची १० बाट प्राप्त सुचनाहरुलाई पनि व्याख्या गरिसकिएको छ । त्यहाँ पनि बालविकासकेन्द्रबाट आएका बालबालिकाहरु नै सामाजिकिकरणका विभिन्न प्रकृयामा अगाडि देखिए । यसबाट पनि बालविकासकेन्द्रको सिकाइ प्राथमिक तहको सुरुवातमा वा एक कक्षाहरुमा प्रभावकारी छ भन्न सकिन्छ ।

## ४.२ एक कक्षामा आएका विद्यार्थीहरु पहिले गएको बालविकासकेन्द्रमा भएको सिकाइका गतिविधिहरुको संक्षिप्त विवरण

प्रारम्भिक बालविकास नै मानव विकासको जग भएकोले जग बलियो भएमा मानवको सर्वाङ्गीण र सर्वपक्षीय विकास हुन सक्तछ । हाम्रा बालबालिका भोलि कस्तो बन्दछन् भन्नेकुरा उनीहरुलाई प्रारम्भिक अवस्थामा गरिएको सर्वाङ्गीण विकाससंग सम्बन्धित क्रियाकलापले बनाउछन् । अत : प्रारम्भिक बालविकासकेन्द्रमा सन्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापका विभिन्न पक्षहरुको अवस्था खोजी गरी प्राप्त सूचनाको आधारमा छुट्टछुट्टै बुँदामा प्रस्तुत नगरी सबैलाई एकात्मक ढंगले अनुच्छेदमा व्याख्या गरिएको छ । प्रारम्भिक बालविकासकेन्द्रका मुख्य विषयवस्तु बालकको इन्द्रियको विकास, शारीरिक विकास, संवेगात्मक विकास, सामाजिक संयोजनको विकास, सहयोगात्मक भावनाको विकास लगायतका पक्षसंग सम्बन्धित हुने भएकोले यो अध्ययन गर्दा अनुसन्धानकर्ताले उक्त सबै पक्षमा जोड दिएर सूचना सङ्कलन गरिएको छ । त्यसका लागि कक्षा अवलोकन सहयोगी कार्यकर्ता र प्र.अ.संग अन्तरर्वार्ता, बालबालिकासंग समूह छलफल र अभिभावकसंग प्रश्नावली र छलफलका माध्यमले सूचना सङ्कलन गरिएको छ । अध्ययनको क्रममा प्राप्त सूचनालाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

सबै बालविकासकेन्द्रहरुमा कक्षाकोठा फराकिलो र एक-एकवटा ढोका र हावाको आवतजावतका लागि दुई-दुई वटा झ्याल रहेको पाइयो । कार्पेट र चकटीमा बालबालिकालाई बसाई श्याम पाटीको प्रयोग गरेको पाइयो । दुईवटा बालविकासबेन्द्रमा शिक्षण सिकाइमा सहयोग पुग्ने भित्ते लेखन प्रसस्तै भएको पाइयो । भने अरु दुईवटा बालविकासकेन्द्रमा थोरै भित्ते लेखन र धेरै चाहिं पोष्टर र चित्रहरु ( कागचका) पाइयो । सबै बालविकासकेन्द्रमा अङ्ग्रेजी अक्षर 'यू' को आकारमा बसाइ व्यवस्था गरी बालबालिकाहरुलाई राखेको पाइयो । प्रयोग गर्न त्यति सहज नभएका सामग्रीहरु दराज, विद्यालयको पुस्तकालय र अफिसमा थन्क्याई राखेको पाइयो । डोमिनोज भाषा पँक्ति, पजल, टेलिभिजन जस्ता सामग्री प्रयोग भएको पाइएन । गणित शिक्षणमा सहयोग सामग्रीहरुमा गोटी, गुच्छा र काठका, टुक्राहरु

प्रयोग गरिएको पाइयो । तर एकवटा बालविकासकेन्द्रमा भने परम्परागत शिक्षण विधि अनुसार आकार र अंकहरु प्रदर्शन गरी छलफल भएको पाइयो । सिर्जनात्मक क्षेत्र अन्तरर्गत भने सामान्य बालगीतहरु भन्दा बाहेक अरु केहि पाइएन । बालगीतलाई सहयाग हुने संगीतका सामग्रीहरु मादल, बाँसुरी, ड्रमसेट थिए तर सहयोगी कार्यकता र शिक्षकहरुलाई उक्त वाद्यावादन बजाउन नै आउदैन भन्नेकुरा बताउनु भयो । कम्प्युटर र सी.डी.का माध्यमले बालगीत र अन्य गीत प्रस्तुत गरी बालबालिकालाई मनोरन्जन गराउने गरेको पाइयो । खानेपानी र शौचालयको व्यवस्था त्यति प्रभावकारी कुनै बालविकासकेन्द्रमा पनि पाइएन । कविता, कथा, गीत भन्ने, सुन्ने, सत्य-असत्य, राम्रो-नराम्रो आदिका क्रियाकलाप गराउने गरेको पाइयो । भित्ते लेखन भएको ठाउँमा औंलाले देखाएर अक्षर, वर्ण र संख्या चिन्ने गन्ती गर्ने गरेको पाइयो । भित्ते लेखन नभएको ठाउँमा श्याम पाटीको प्रयोग गर्ने गरेको पाइयो । रंगहरुको वारेमा छलफल, उमेर सोध्ने आदि क्रियाकलाप गरेको पाइयो । सहयोगी कार्यकर्ता संग लिएको अन्तरर्वार्तामा बालविकासकेन्द्रका कार्यकर्ताले गन्ध पहिचान र आवाज सुन्ने र सुनाउने क्रियाकलाप भएको बताएका थिए भने जनावरको आवाज निकाली मनोरन्जनात्मकढंगका क्रियाकलाप गर्ने गरेको पाइयो । शरीरको लागि आवश्यक हिड्ने, कुद्ने, ओर्लने, उक्लिने, उफ्रने जस्ता क्रियाकलाप सबै बालविकासकेन्द्रमा भएको पाइयो । सामुहिक प्रार्थना, घर परिवारको परिचय, समूहकार्य, सरसफाइ, माया-प्रेम झल्काउने क्रियाकलाप, ठुलालाई आदर वा नमस्कार गर्ने, विदाइमा हात हल्लाउने जस्ता क्रियाकलाप हुने गरेको पाइयो । दाँत ब्रसिङ गर्नुपर्छ भनी सहयोगी कार्यकर्ताले गीतीलयमा बताउने गरेको पाइयो । संवेगात्मक विकासकालागि माया, प्रेम, सुख, दुःखका कुराकानी, कार्टुन चित्र प्रदर्शन जस्ता गतिविधि कम रहेको पाइयो ।

प्रारम्भिक बालविकासकेन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सन्चालन गर्दा सहयोगी कार्यकर्ताको तालिम, योग्यता, भाषा, धर्म, अनुभव, वैवाहिक स्थिति, लिङ्ग आदिले प्रभाव पार्दछ । सकेसम्म वैवाहिक र बच्चा भएको सहयोगी कार्यकर्ता हुनु उपयुक्त मानिन्छ । जसबाट बालबालिकाको बानी व्यवहार आदि पहिचाहन गरी स्वतन्त्र रुपमा सिक्ने वातावरण प्रदान हुन्छ । बालविकासकेन्द्रमा सहयोगी कार्यकर्ताको व्यवस्थित प्रस्तुतिकरणबाट शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी र अर्थपूर्ण हुनुका साथै बालबालिकाको सक्रियता, पूर्ण सहभागिता बढाउन र अपेक्षित व्यवहार परिवर्तन गर्न सहयोग पुग्दछ । त्यसैले सहयोगी कार्यकर्ताको कक्षामा प्रस्तुतिकरण सम्वन्धी सूचना सङ्कलन र व्याख्या विश्लेषण गरिएको छ । बालविकासकेन्द्रका सहयोगी कार्यकर्ता न्यूनतम योग्यता भएका, आधारभूत तालिम लिएका र अनुभवी भएका पाइयो । सबै केन्द्रहरुमा शिक्षण सिकाइ क्रियाकलाप ठीक समयमा सुरुवात भएको पाइयो । उत्प्रेरणा प्रदान गर्न अघिल्लो दिनको पुनः स्मरण गर्ने गरेको पाइयो । तर सबै बालविकासकेन्द्रका सहयोगी कार्यकर्ताको प्रस्तुतिकरणमा क्रमिकता भएको पाइएन । सबै केन्द्रहरुमा लैङ्गिक व्यवस्थापन, स्थानीय सामग्रीको प्रयोग, शौचालय प्रयोग, सांगीतिक अनुभव प्रदान भएको पाइयो । सबै बालविकासकेन्द्रका सहयोगी कार्यकर्ताहरुले क्रियाकलाप गर्न लगाउने, प्रश्न सोधेर मूल्यांकन गर्ने, पृष्ठपोषण दिने गरेको पाइयो । मौखिक रुपमा भएका अनेकौ प्रस्तुतिसंगै सामान्य गृहकार्य पनि दिने गरेको पाइयो ।

## ४.३ बालविकासकेन्द्र र विद्यालयको सहकार्यको अवस्था

बालविकासकेन्द्रको सिकाइका कारण कक्षा एकको सिकाइमा पारेको प्रभावको अध्ययनका क्रममा छनोटमा परेका बालबालिका र विद्यालयमा हेर्दा सिक्ने क्रम बालविकासकेन्द्रबाट नै शुरु भएको पाइयो । बालविकासकेन्द्र सन्चालन भएका विद्यालयहरुमा एक कक्षाकै सहकार्यका रुपमा बालविकासकेन्द्र चलेको पाइयो । शैक्षिक सामग्रीहरु, गीतीलयहरु, चित्रहरु, पोष्टरहरु सबै नै बालविकासकेन्द्रका एक कक्षामा पनि चलाएको देखियो । सहयोगी कार्यकर्ता र प्र.अ.का अनुसार कतिपय शिशुहरु बालविकासकेन्द्रको विशेष कोठा वा कक्षामा नबसी २/३ कक्षाहरुमा बस्ने दाजु-दिदीसंग बस्ने गरेको पाइयो । एक कक्षा र बालविकासकेन्द्रका बालबालिकाहरुको उमेरगत अन्तर पनि त्यति धेरै नहुने हुनाले धेरै चाहिं एकै ठाउँ र एकै साथ बस्ने पढ्ने गरेको पनि पाइयो । बालबालिकालाई भुल्याउने प्रसस्तै सामग्रीहरु, गीतीलयहरु भएका कारण एक कक्षामा बस्नु भन्दा केटाकेटीहरु बालविकासकेन्द्रकै कोठामा बस्न रुचाउने गरेको पाइयो । तर विद्यालयीय गतिविधि तथा रेकर्डहरुका लागि हाजिरी, परीक्षा, मूल्याङ्कन, नतिजा आदि जस्ता प्रशाासनिक कार्यका लागि त बालविकासकेन्द्र र एक कक्षा छुट्याउने गरेको पाइयो । सहयोगी कार्यकर्ता अनुपस्थित भएमा शिक्षकहरु अनुपस्थित भई एक कक्षाहरु खाली भएमा बालविकासकेन्द्रमा नै सबैलाई राखेर शैक्षिक गतिविधि चलाएको पाइयो । सहयोगी कार्यकर्ता र शिक्षकहरुको पूरै उपस्थिति हुँदा पनि कहिले काहिं एक कक्षा पनि बालविकासकेन्द्रकै कोठामा राखेर शैक्षिक सामग्रीको साथ रमाउने र गितीलय द्वारा नचाउने गरेकोपाइयो । ३/४ कक्षा पनि कम्प्युटरमा भएका कार्टुन चित्र, गीतहरु सुन्न र हेर्न कहिले काहीं बालविकासकेन्द्रमा जानेगरेको पाइयो । मनोरन्जनका साथ सिकाइका विविध प्रकृयाहरु पनि सन्चालन हुने हुनाले एक/तीन/चार कक्षाहरु पालैपालो कहिलेकाहीं जाने गरेको पाइयो । त्यो भन्दा ठूलो कक्षा भने उक्त बालविकासकेन्द्रको कोठामा जाने भनी शिक्षक-शिक्षिकासंग नभन्ने तर त्यहां भएका गीतीलयहरु गाउने, कम्प्युटरमा भएको कार्टुन चित्र र गीतका सिडीहरु चलाएको बेला हेर्न खोज्ने जस्ता कार्य गर्ने गरेको पाइयो । ठूलाकक्षामा अथवा २/३/४/५ कक्षाहरुमा आफ्ना दाइ-दिदीसंग बस्न जाने बालबालिकालाई सहयोगी कार्यकर्ताले बोलाउदै, मायागर्दै, फकाउदैलैजाने र दाइ-दिदीलाई नै बालविकासकेन्द्रको कोठामा पुऱ्याउन लगाउने गरेको छ भनी प्र.अ.ले बताउनु भयो । बालविकासकेन्द्रमा नै दाइ-दिदीले ल्याएर छोडेपछि वा दाइ-दिदी नै बालविकासकेन्द्रको कोठामा एकछिन बसेपछि बालबालिकाहरु सहजै त्यहां बस्ने गरेको सहयोगी कार्यकर्ताले बताउनु भयो । कहिलेकाहिं दुई/तीन कक्षाहरु पनि बालविकासकेन्द्रको कोठामा गएर गीत सुन्नु, कार्टुन चित्र हेर्नु, पढाइका गीतीलयहरु गाउनु सिकाइको सकारात्मक पक्ष हो ।

यसरी हेर्दा बालविकासकेन्द्र भनेको विद्यालयकै सहकार्यमा चल्ने एक अभिन्न अङ्ग जस्तै देखिन्छ । बालविकासकेन्द्रमा अप्रत्यक्ष रुपमा वोलाइ सीपका लागि गीतीलयहरु, कार्टुन चित्रहरु, गणितका निम्ति गोटीका सहायताले जोड घटाउहरु, सामाजिकिकरणका लागि अनेकौ प्रकृयाहरु भएको पाइन्छ । त्यहि बालबालिका विद्यालयमा आई उक्त सिकेको कुरा एक कक्षाहरुमा प्रयोग गरेको पाइयो । लेख्नका लागि हात स्थिर नभएको अवस्थामा वोलाइ सीपका लागि बालविकासकेन्द्रका बालबालिका यथेष्ट रुपमा

अभ्यस्त रहेको देखिन्छ । ठूलो कक्षाका विद्यार्थीहरु पनि बालविकासकेन्द्रका कोठामा गई विभिन्न गतिविधिमा सामेल हुनु र बालविकासकेन्द्र जाने बालबालिका आफ्ना माथिल्लो कक्षामा पढ्ने दाइ-दिदीहरुसंग ठूलो कक्षामा जानुबाट के देखिन्छ भने बालविकासकेन्द्र भनेको विद्यालयकै सहकार्यमा सन्चालन हुने वा सन्चालन गर्न सकिने र एक अर्कामा सहकार्य गर्ने अभिन्न अङ्ग हो । एक कक्षाहरुमा पढ्ने बालबालिकाहरु बालविकासकेन्द्रमा सिकेका गीतीलयमा अभ्यस्त हुने र अन्य सामाजिकिकरणका विभिन पक्षहरुमा सामेल भएको पाइएपछि ठूलो कक्षाको सिकाइमा बालविकासकेन्द्रको सकरात्मक प्रभाव छ भन्न सकिन्छ । उता बालविकासकेन्द्र नगई सिधै एक कक्षामा आउनेहरु भने वोलाइ सीपका लागि तथा सामाजिकिकरणका अनेकन पक्षहरुका लागि अरुको तुलनामा पछाडि नै रहने गरेको पाइयो । यसबाट पनि स्पष्ट हुन सकिन्छकि बालविकासकेन्द्रबाट आउनेमा सिकाइको प्रभाव अझ बढिमात्रामा रहेकोछ । बालविकासकेन्द्र नगई एक कक्षामा आउनेहरु भने शिक्षकलाई अभिवादन गर्ने, विदाइ गर्ने, कुरा गर्ने जस्ता गतिविधिमा कम सामेल भएकोले र गीतीलय प्रस्तुतमा असहज वा अनभिज्ञता हुनाले सिकाइमा अफ्ट्यारो भएको शिक्षक शिक्षिकाहरुले बताउनु भयो । यसबाट पनि स्पष्ट हुन्छकि बालविकासकेन्द्रबाट आएका विद्यार्थी अरुको तुलनामा अगाडि छन् । विद्यालय र बालविकासकेन्द्रको सहकार्य छ र यो आवशयक कुरा पनि हो ।

# अध्याय-पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

यो अध्ययन मकवानपुर जिल्लाको जनकल्याण उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र अन्तरर्गत रहेका चारवटा विद्यालयमा आधारित भई गरिएको थियो । जसमा एक र दुई कक्षाहरुमा बालविकासकेन्द्रबाट आएका र बालविकासकेन्द्र नगई सिधै एक कक्षामा आएकाहरु बिच तुलनात्मक अध्ययन गरिएको थियो । बालविकासकेन्द्रबाट आएका पन्ध्र जना र सिधै एक कक्षामा आएका पन्ध्र जना विद्यार्थीहरु बिच विभिन्न प्रश्नावली गरी लिखित परीक्षाका आधारमा प्राप्त प्राप्ताङ्कलाई आधारमानी तुलनात्मक अध्ययन गरिएको थियो । त्यसमा टी–परीक्षणको सहयोग लिइयो । लिखित परीक्षालाई मात्र सर्बेसर्बा मान्नु उक्त एक कक्षाका लागि त्यती सान्दर्भिक नहोला भनी उनीहरुको वोलाइसीप र सामाजिक व्यवहारका विभिन्न पक्षहरुको लागि साथमा सुनाइ सीपका लागि भनेर व्यवहार कै अध्ययन गरियो । सहयोगका लागि बालविकासकेन्द्रका सहयोगी कार्यकर्ता र शिक्षक-शिक्षिका साथै प्रधान अध्यापकसंग छलफल कुराकानी गरिएको थियो । एक कक्षाका विद्यार्थीले शिक्षक/शिक्षिकासंग गरेको व्यवहारका आधारमा उनीहरुको सामाजिकिकरणका विविध पक्षहरुको अध्ययन गरिएको थियो । अवलोकन, सहयोगी कार्यकर्ता, शिक्षक, प्रधान अध्यापकसंग अन्तरर्वार्ता लिखित प्रश्नावलीहरुको प्रयोग आदि जस्ता सूचना सङ्कलनका साधनहरु प्रयोग गरी सूचना संकलन गरिएको थियो ।त्यसरी संकलन गरिएका सूचनाहरुको विश्लेषण र व्याख्याका आधारमा प्राप्त निश्कर्षलाई यहां प्रस्तुत गरिएको छ । यसका आधारमा सम्पूर्ण क्षेत्रका वा सबै बालविकासकेन्द्रमा एकै ढङ्गको होला भन्न त कठिन छ तै पनि सामान्यतया बालविकासकेन्द्रले पारेको प्रभावको नमूनाका रुपमा भने अवश्य पाउन सकिन्छ । यसरी गरिएको अध्ययनका आधारमा निम्नअनुसार निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

बालविकासकेन्द्रबाट आउनेहरु लाई त्यसको प्रभावबाट एक कक्षाहरुमा भएको सहजता नै यहां उपलब्धि वा प्राप्तिका रुपमा लिन सकिन्छ । प्रथम चरण भाषिक अवस्था अङ्ग्रेजी र नेपाली सम्वन्धी प्रश्नहरु बनाई प्राप्ताङ्कको आधारमा : दास्रो चरणमा सामाजिकिकरणका विभिन्न पक्षहरु साथमा वोलाइ सीपका लागि सहयोगी बालगीत, कथा भन्ने, अभिवादन गर्ने, विदाइ गर्ने, शिक्षकसंग दोहोरो कुरा गर्ने जस्ता गतिविधिहरुको अवलोकन र तेस्रो चरणमा गणित र विज्ञानसंग सम्बन्धित प्रश्नहरु दिई लिखित रुपमा परीक्षा सन्चालनबाट आएको प्राप्ताङकका आधारमा सूचनाहरुको व्याख्या गरिएको थियो । उक्त अवस्थामा पाइएका सूचनाहरुको आधारमा पाइएको प्राप्तिलाई अलग-अलग चरणमा तपशील बमोजिम व्याख्या गरिएको छ :

### ५.१.१ भाषिक र गणितीय सिकाइ क्षेत्रको अवस्था

अध्ययनको क्रममा छनोटमा परेका बालबालिकाहरुलाई अङ्ग्रेजी र नेपाली भाषासंग सम्बन्धित लिखित प्रश्नहरु बनाई प्रश्न प्रयोग गरेकोमा पाइएको तथ्यलाई  निम्न बुँदामा देखाइएको छ :-

i) खाली ठाउँ भर्ने जोडा मिलाउने प्रश्नहरुमा सबभन्दा बढि समस्या समाधानगर्नेहरु बालविकासकेन्द्रबाट आएका नै भएको पाइयो ।

ii) बालविकासकेन्द्र गएर आएकाहरु नै प्रथमपटकको प्रयोग र दोस्रो प्रयोग दुबैमा समस्या समाधान गर्नेमा अगाडि रहेको पाइयो ।

iii) बालविकासकेन्द्र गएर आएका मध्ये कम समस्या समाधान गर्नेहरुले दुई र तीनवटामात्र समाधान गर्न सकेको पाइयो ।

iv) बालविकासकेन्द्र गएर आएका मध्ये बढि समस्या समाधान गर्नेहरु ७ र ८ वटा मात्र समाधान गरेको पाइयो ।

v) बालविकासकेन्द्र नगई सिधै विद्यालयमा आएकामा सब भन्दा बढि समस्या समाधान गर्नेले ५/६ वटा मात्र समाधान गरेको पाइयो ।

vi) प्रथम पटकको प्रयोग भन्दा दोस्रो पटकको प्रयोगमा समान कठिनाइ स्तर भएका प्रश्न भएपनि तुलनात्मक रुपमा बढि समस्या समाधान गरेको पाइयो।

vii) बालविकासकेन्द्र गएका र नगएका दुबै पक्षका बालबालिकाले दोस्रो पटकको प्रयोगमा बढि समाधान गरेको पाइयो ।

viii) सबभन्दा बढि समस्यासमाधान गर्ने बालविकासकेन्द्रबाट आएका पाइयो भने सबभन्दा कम समस्यासमाधान गर्ने बालविकासकेन्द्र नगई सिधै एक कक्षामा आएकाहरु रहेको पाइयो ।

ix) मध्यम स्तरमा चार, पाँच र छ वटा समस्यासमाधान गर्नेहरु बालविकासकेन्द्र गएर आएका र बालविकासकेन्द्र नगई आएका दुबै शालाखाला रुपमा भएको पाइयो ।

x) प्रथम पटकको प्रयोग पछि समयको अन्तरसंग ज्ञान लिने वा कक्षा शिक्षणमा नै विषयवस्तु सिकाइने भएकाकारण दास्रो प्रयोगमा सबैले नै बढि समाधान गरेको पाइयो ।

xi) मध्यमस्तरका वा बढि पनि हैन सारै तल्लो वा कम पनि हैन भन्ने विचको प्राप्ताङ्क प्राप्त गर्नेहरु दुई पटकको प्रयोगमा नै विचमै वा मध्यम स्तरमा नै रहेको पाइयो ।

xii) बढि समस्या समाधान गरी अग्रस्थानमा आउनेहरु दुई पटकको प्रयोगमा नै बालविकासकेन्द्रबाट आएका बालबालिका पाइयो ।

xiii) कम समस्या समाधान गरी पछि पर्नेहरु दुई पटकको प्रयोगमा नै बालविकासकेन्द्र नगई सिधै विद्यालयमा आएका बालबालिकाहरु भएको पाइयो ।

xiv) प्रथम पटकको प्रयोगमा बढि समस्या समाधान गर्ने जो जो थिए उनीहरु नै दोस्रो पटकको प्रयोगमा पनि बढि समस्या समाधान गरेको पाइयो ।

xv) एक कक्षाहरुमा बालविकासकेन्द्रमा सिकेकै बालगीतहरु बढि प्रयोग हुने गरेको पाइयो ।

xvi) मैखिक अभिव्यक्ति वा बोलाइ सीपमा बालगीत प्रयोग हुने र उक्त बालगीत बालविकासकेन्द्रबाट सिकाइदै एक र दुई कक्षामा पनि गाउने गरेको पाइयो ।

xvii) बालविकासकेन्द्र नगई विद्यालय आएका बालबालिकाहरुमा बालगीत गाउन र हात स्थिर बनाइ साउं अक्षर लेख्न कठिन भएको पाइयो ।

xviii) बालगीतहरु नेपाली, अङ्ग्रेजी भाषाहरु सम्बन्धी, सामाजिकिकरण सम्बन्धि र गणितीय जोडघटाउ सम्बन्धि रहेको पाइयो ।

xix) त्यही बालविकासकेन्द्रबाट सुन्दै र सुनाइदै आएका गीतीलयहरु कै माध्यमबाट एक कक्षामा सिक्ने र सिकाउने गरेको पाइयो ।

### ५.१.२ सामाजिकिकरणसंग सम्बन्धित सिकाइ क्षेत्रको अवस्था

बालबालिकाको चौतर्फी विकासमध्ये सिकाइका अनेकौं प्रकृयामा भाषिक सीपहरु, गणितीय सीपहरु जस्तै गरी सामाजिकिकरणका अनेक प्रकृयाहरु पनि आवस्यक छन् । समाजमा मिल्नकालागि आफूभन्दा ठूला व्यक्तिसंग बोल्न, जानेको र थाहा पाएको कुरा बताउन, जानेका बालगीतहरु गाउन आदिका आधारमा सामाजिकिकरणको सिकाइ जरुरी छ । अनुसूची १० मा रहेका गरेका कृयाकलापहरुका आधारमा सामाजिकिकरणसंग सम्बन्धित गतिविधिको प्राप्तिलाइ निम्न बुँदामा प्रष्ट पार्न सकिन्छ :

i) बालगीत गाउन सक्ने १६ जना र बाँकी १४ जना बालगीत गाउन नजान्ने पाइयो ।

ii) बालगीत गाउन सक्ने सबै नै बालविकासकेन्द्रबाट आएका र नजान्ने बालविकासकेन्द्र नगई विद्यालय आएकाहरु पाइयो ।

iii) अभिवादन वा नमस्कार गर्नेहरु २५ जना रहेको र बाँकीले कहिले गर्ने कहिले नगर्ने पाइयो ।

iv) बोल्न र नजिक आउन डराउनेहरुमात्र अभिवादन नगर्ने र उक्त नगर्नेहरु प्राय सबै नै बालविकासकेन्द्र नगएकाहरु भएको पाइयो ।

v) ४/५ जनाले अपूरो कथाहरु भन्ने र अरुले कथा भन्न नसकेको पाइयो ।

vi) कोही कोही बाहेक सबै नै शिक्षकले भनेको कुरा ध्यान दिएर सुन्ने गरेको पाइयो ।

vii) बालकथाहरु भनेको बेलामा मात्र बढि ध्यान दिएर सुन्ने र अरुबेला त्यति ध्यान दिएर सुन्ने नगरेको पाइयो ।

viii) १७ जना शिक्षकसंग दोहोरो कुरा गर्ने र बाँकी १३ जना शिक्षकसंग दोहोरो कुरा नगर्ने र गर्नुपरे डराउने पाइयो ।

ix) शिक्षकसंग डराएर दोहोरो कुरा नगर्नेहरु बालविकासकेन्द्र नगई सिधै एक कक्षामा विद्यालय आएकाहरु रहेको पाइयो ।

x) २० जना घरजाने बेलामा भेटिएका वा देखिएका शिक्षक-शिक्षिकालाई विदाइ गर्ने र बाँकी १० जना विदाइ नगर्ने गरेको पाइयो ।

xi) विदाइ नगर्नेहरु बालविकासकेन्द्र नगई सिधै विद्यालयमा आएकाहरु पाइयो ।

xii) त्यसमा पनि शिक्षिका र सहयोगी कार्यकर्तालाई देखेमा गर्ने र शिक्षकलाई देखेमा नगर्ने पाइयो ।

xiii) विद्यालय भित्र नै अभिभावकको भेट भएमा शिक्षिकाहरुलाई पनि विदाइ नगरी अभिभावकसंग जाने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त भएका सूचना वा तथ्याङ्कहरुको विश्लेषण र व्याख्या पछि प्राप्त प्राप्तिहरुको आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

बालविकासकेन्द्रबाट एक वा दुई कक्षामा आएका विद्यार्थीहरु सबै क्षेत्रमा नै अरु भन्दा अगाडि रहेको देखिन्छ । बालविकासकेन्द्र नगई विद्यालय आएकाहरु साथीसंग घुलमिल हुन धेरै समय लगाउने, विद्यालयमा आए पछि रुने, शिक्षक-शिक्षिकासंग डराउने र कुरागर्न बोल्न नचाहने विद्यालयसमयभित्र अभिभावक देखेमा पछ्याउँदै छुट्टिट नहुँदै घर जान खोज्ने जस्ता कार्यहरु गर्ने देखियो । यसबाट के निष्कर्षमा पुगिन्छ भने बालविकासकेन्द्रले सामाजिकिकरण वा समाजमा घुलमिल हुने कुरा प्रष्ट सिकाएको छ । जनचेतनाको अभाव, बालविकासकेन्द्र वा विद्यालय भन्दा टाडा घर हुने जस्ता कारणबाट सबै

बालबालिका बालविकासकेन्द्रसम्म जान नसकेको देखिन्छ । जो बालविकासकेन्द्र गएको छ उसले केहि न केहि सिकेकै छ र त्यहां सिकेको एक कक्षामा जाउन्जेल बताउन सक्ने गरी स्मरणमा राख्न सकेको छ । त्यो पनि बालविकासकेन्द्रको राम्रो प्रभाव हो भन्ने एउटा पाटो हो ।

मनोरन्जनात्मकढंगले, बालमैत्री वातावरणमा बालगीतको प्रयोग गरेर शिक्षण गतिविधि चलेको देखिन्छ तर बालगीत भने तिनै बालविकासकेन्द्रबाट हुबहु चलाएको देखिन्छ । बालविकासकेन्द्रहरु विद्यालयमा नै रहेकाकारण चार कक्षा सम्मका विद्यार्थीहरु बालविकासकेन्द्रमा गई कम्प्युटरमा गीत सुन्ने, दृष्यहरु हेर्ने, बालगीतहरु गाउने आदिजस्ता प्रकृया देखिन्छ । बालविकासकेन्द्रमा आएर एक कक्षामा गएकाहरु चाहीँ बालगीत गाउने, अभिभावदन गर्ने साधारण सग्ला अक्षरहरु चिन्ने, कतिपयले त अक्षर लेख्न सक्ने, वोलाइमा अगाडि रहने गरेको देखिन्छ र सिधै एक कक्षामा आउनेहरु  बल्ल आधार तहमा हुने बालगीत बोलाइ सीप, साउं अक्षर आदिमा प्रयासगर्नु पर्ने देखिन्छ । त्यसबाट पनि सिकाइमा बालविकासकेन्द्रको प्रभाव राम्रो र सकरात्मक छ भन्न सकिन्छ । अभिभावकमा चेतना ल्याई आफ्ना साना नानीहरुलाई बालविकासकेन्द्र ल्याउने वातावरण बनाउन सके एक कक्षामा जानु अधि नै सिकाइको केहि न केहि आधार बस्छ र बालविकासकेन्द्रको सिकाइको छाप वा प्रभावका कारणबाट विद्यालयीय शिक्षा प्रभावकारी हुन्छ भन्न सकिन्छ । यसरी बालविकासकेन्द्रको पहुँचमा रहेका बालबालिका त्यसकै कारणबाट बालविकासकेन्द्र नगएकाहरुको तुलनामा अगाडि छन् र बालविकासकेन्द्रको सिकाइ प्रति सकारात्मक प्रभाव छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझाव

यहाँ बालविकास कार्यक्रमका आधारमा विद्यालयीय शिक्षा अथंवा पूर्व प्राथमिक तहको सिकाइका आधारमा प्राथमिक शिक्षा के कसरी अगाडि बढेकोछ भन्ने कुराको अध्ययन गरिएको छ । बालविकास कार्यक्रमले कक्षा-१ को सिकाइमा पारेको प्रभाव शीर्षकमा अध्ययन गर्दा बालविकास कार्यक्रमको सकारात्मक प्रभाव हुँदा हुँदै पनि अझ राम्रो  बनाउनका लागि आवश्यक देखिएका कुराहरुलाई सुझावका रुपमा प्रस्तुत गरिएको छ । बालविकास कार्यक्रमले माथिल्लो सिकाइका लागि आधार तयार गरेको छ साथै सकारात्मक ढङ्गको छाप बनाएको छ तै पनि अझै प्रभावकारी बनाउनका निम्ति गर्न सकिने उपायलाई सुझावका रुपमा तपशील बमोजिम देखाउन सकिन्छ ।

i) बालविकासकेन्द्रमा पाठ्यक्रम शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभाव भएको कारण पूर्व तयारी र योजनावद्ध  शिक्षण सिकाइ क्रियाकलाप सन्चालन गर्न पाठ्यक्रम शिक्षक निर्देशिकाहरुको व्यवस्था भए प्राथमिक तहलाई सहज हुन्छ ।

ii) एक कक्षा र दुई कक्षाहरुमा बालविकासकेन्द्रकै गीतीलयका भन्दा अरु नै गीतीलय खोजेर प्रस्तुत गर्नसके सिकाइको क्रमिकता बढ्ने थियो ।

iii) वाह्य वातावरणलाई व्यवस्थित बनाई खेल र मनोरन्जनबाट बालविकासकेन्द्र र तल्लो कक्षाहरुमा प्रभावकारी शिक्षण गर्न पिङ, चाकाचुली, चिप्लेटी, भऱ्याङ जस्ता कुराको व्यवस्था गरेमा बालविकासकेन्द्र नगई विद्यालय आउने पनि छिटै सिक्न सक्नेछन् ।

iv) अभिभावकलाई चेतना फैलाई शिशुहरु बालविकासकेन्द्र पठाउने व्यवस्था मिलाउनु पर्छ ।

v) अभिभावक जागरण तालिम दिलाई बालविकासकेन्द्रको प्रभावकारिता, उपयोगिता, आवश्यकता, महत्व दर्शाई समूदायका सबै बालबालिका बालविकासकेन्द्रको पहुँचमा रहने वातावरण मिलाउनु पर्छ ।

vi) जग बलियो भए घर बलियो हुन्छ भन्ने अवधारणा अनुरुप बालविकासकेन्द्रको सकारात्मक सिकाइमा सबै समावेश हुनसके प्राथमिकतहमा अवश्य सबैले राम्रो उपलब्धि हासिल गर्ने अवस्था देख्न सकिन्छ ।

vii) सरकारी विद्यालयको शैक्षिक गुणस्तरमा अनेक प्रश्नहरु देखिएको समयमा बालविकासको अवधारणा अनुरुप शिक्षण गरिएमा पक्कै सिकाइ गुणस्तरीय बन्नेछ ।

viii) बलविकास कार्यक्रम र विद्यालयको सहकार्यात्मक अवस्थालाई अझ बढावा गर्नसके बालविकास कार्यक्रमको प्रभावकारीता अवश्य बढ्नेछ ।

ix) स्थानीय खेल, गीत र मादलको प्रयोगबाट मनोरन्जनात्मक शिक्षण साथै बालविकास कार्यक्रमको स्रोतकेन्द्र, जि.शि.का.आदिबाट समय-समयमा अनुगमन निरीक्षण गर्नु पर्दछ ।

# सन्दर्भग्रन्थ सूची


कट्टेल, खगेन्द्रप्रसाद (२०६७), **बालविकासकेन्द्रमा सहयोगी कार्यकर्ता दक्षता र पाठ्यक्रम कार्यान्वयन,** शोधपत्र (अप्रकाशित) ।

गोपीनाथ, शर्मा (२०६२), **नेपालमा शिक्षाको इतिहास भाग-१,** मकालु प्रकाशन गृह ।

गौतम, चक्रपाणी (२०६७), **प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयन स्थिति** शोधपत्र (अप्रकाशित) ।

गौतम यमप्रसाद (२०६८), **प्रारम्भिक बालविकासकेन्द्रमा शिक्षण सिकाइक्रियाकलाप** शोधपत्र (अप्रकाशित) ।

ढुङ्गाना, गंगाराम (२०६३), **बालविकास केन्द्र र यसको वर्तमान अवस्था,** शोधपत्र (अप्रकाशित) ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६४), **प्राथमिक शिक्षा पाठ्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका-२०६४ ।** पाठ्यक्रम विकासकेन्द्र ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६२), **प्राथमिकशिक्षा पाठ्यक्रम - २०६२,** पाठ्यक्रम विकासकेन्द्र ।

नेपालसरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६३), **राष्ट्रिय पाठ्यक्रम प्रारुप -२०६३,** पाठ्यक्रम विकासकेन्द्र ।

श्री कृष्ण श्रेष्ठ (२०६१/०६२) **नेपालको शैक्षिक विकास तथा शिक्षा ऐन, नियम,** पैरवी प्रकाशन ।

श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग, **शिक्षण स्रोत सामग्री (सहयोगी कार्यकर्ताका लागि) खण्ड-१ र २** प्रारम्भिक बालविकास शाखा-२०६१ ।

**शिक्षा खबर पत्रिका**, मासिक भदौ अङ्क-२०६८ ।

# अनुसुची – १

पूर्णाङ्क : १०

विषय: मेरो नेपाली

समय: १ घण्टा

नाम:                                                   रोल नं.        .

१)  बाह्रखरी लेख  ४

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | | | | कु | | | | | कौ | | |

२)  जस्ताको तस्तै पारेर सार  ४

नङ  तराजु  झलमल  खरायो

.......... ................ .................... ..............

३)  जोडा मिलाऊ:  २

क  टप

ग  कलम

छ  गम

ट  छमछम

# अनुसुची – २

पूर्णाङ्क : १०

विषय : विज्ञान तथा वातावरण

समय : १ घण्टा

नामः रोल नं.                .

१.    सिङ भएका र नभएका जनावर छुट्याऊ :    ६

गाई,    कुकुर,    भैंसी,    बाखा,    बिरालो,    भेडा,

| सिङ भएका | सिङ नभएका |
|---|---|
| भैसी, ......................................... <br> ................................................. | काग, ......................................... <br> ................................................. |

२)    ठीक भए (3) चिन्ह र बेठीक भए (×) चिन्ह लगाऊ : ४

क.    धनियाँ झारपात समूहमा पर्छ। (    )

ख.    घर सजीव वस्तु हो। (    )

ग.    कुकुर घर पालुवा जनावर हो। (    )

घ.    चराहरुको पखेँटा हुन्छन्। (    )

# अनुसुची ३

पूर्णाङ्क: १०

विषय: मेरो गणित　　　　　　　　　　समय: १ घण्टा

नाम:　　　　　　　　　　　　　　　　रोल नं.　　　.

१. तलका चित्रलाई गनेर लेख　　　४



२. नमिल्नेलाई गोलो घेरा लगाऊ :　　　२

क) १०　२०　१०　१०

ख) △　△　○　△

ग) १३　११　११　११

घ) 

३. जोडा मिलाऊ:　　　२

| | |
|---|---|
| २० | १० |
| १५ | २० |
| ९९ | ९९ |
| १० | १५ |

४. पछि आउने सङ्ख्या लेख:　　　२

क) ७ ☐　ख) ३ ☐　ग) ९ ☐　घ) १० ☐

## अनुसुची ४

Full

Marks : 10

Sub : Compulsory English | Time :1hrs

Name :............................................ | Roll No .

1. Match the pictures with correct names: 2

| | |
|---|---|
|  | Table |
|  | Tree |
|  | Ball |
|  | Book |

2. Change these capital letters into small letters: 5

A B C D E F G H I J

___ ___ ___ ___ ___ ___ ___ ___ ___ ___

K L M N O

___ ___ ___ ___ ___ ___

3. Find the missing letters : 3

| | | | | | |
|---|---|---|---|---|---|
|  |  |  |  |  |  |
| C.....T | TR....E | AP...LE | EG.... | HOUS... | F....SH |

## अनुसुची - ५

## प्र.अ. शिक्षक सहयोगी कार्यकर्तासंगको छलफलमा सोधिएका प्रश्नहरु

क)	बालविकासकेन्द्रबाट एक कक्षामा आएका र सिधै एक कक्षामा आएकाहरु बिचको सिकाइको अवस्था के कस्तो छ ?

..........................................................................................................................

ख)	भेट हुँदा नमस्कार भन्ने, जाने बेला विदाइगर्ने जस्ता सामाजिक गतिविधिमा बालबालिकाहरु कतिको सकृयता देखाउछन् ।

..........................................................................................................................

ग)	शिक्षकसंग दोहोरो कुरागर्न डराउछन् कि कुरा गर्छन् ?

..........................................................................................................................

घ)	एक कक्षाका बालबालिकाहरु बालविकासकेन्द्रमा जाने गर्छन् कि गर्दैनन् ?

..........................................................................................................................

ङ)	जाने गर्छन् भने उनीहरुको रहरले वा शिक्षकले जाउँ भनेर लगेपछि जान्छन् ?

..........................................................................................................................

च)	जान मान्दैनन् भने के कारणले जान नमानेका हुन् ?

..........................................................................................................................

छ)	बालविकासकेन्द्रमा साथै एक कक्षाहरुमा समयभरि बालबालिका बस्छन् वा बस्तैनन् ?

..........................................................................................................................

ज)	बस्तैनन् भने नबस्नुको कारण के होला ?

..........................................................................................................................

झ)	बालबालिकाहरु नियमित आउँछन् ? आउदैनन् भने नियमित आउन के गनुपर्ला ?

..........................................................................................................................................

ञ)	अभिभावकको सक्रियता कस्तो छ ?

..........................................................................................................................................

ट)	अभिभावकको सक्रियता र सहभागिता बढाउन के गर्नु पर्ला ?

..........................................................................................................................................

ठ)	शिक्षण सिकाइमा बालसहभागिता कसरी गराउनु हुन्छ ?

..........................................................................................................................................

ड)	शैक्षिक सामग्री र खेल सामग्रीको उपलब्धता कस्तो छ ?

..........................................................................................................................................

ण)	एक कक्षाहरुमा कस्तो शिक्षण विधिप्रयोग गर्नुहुन्छ ?

..........................................................................................................................................

त)	शैक्षिक सामग्री र विधि प्रयोग गर्दा के कस्ता समस्या देखिएकाछन् ?

..........................................................................................................................................

थ)	बालविकासकेन्द्रका बालबालिका एक कक्षाहरुमा पनि गएर बस्छन् कि बस्तैनन् ?

..........................................................................................................................................

द)	बालबालिकाको व्यवहार परिवर्तनको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

..........................................................................................................................................

ध)	पृष्ठपोषण दिने गर्नु भएको छ ?

..........................................................................................................................................

न) तपाईले देखे अनुसार बालविकासकेन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा देखिएका राम्रा पक्षहरु के के छन् ?

……………………………………………………………………………………………………

प) समस्या वा कमजोर पक्षहरु के के पाउनु भएको छ ?

……………………………………………………………………………………………………

फ) कमजोरीहरु सुधार्न के गर्नु पर्ला ?

……………………………………………………………………………………………………

ब) एक कक्षामा बालबालिकालाई बालविकासकेन्द्रकै विषय वस्तुले आधार बनाइदिएको छ त ?

……………………………………………………………………………………………………

भ) छ भने कसरी र छैन भने कसरी ?

……………………………………………………………………………………………………

म) बालविकासकेन्द्रका शैक्षिक सामग्रीहरु माथिल्लो कक्षाहरुमा पनि प्रयोग हुने गरेका छन् ?

……………………………………………………………………………………………………

य) बालविकासकेन्द्रले माथिल्लो कक्षामा पढाउन बनाएका सजिला पक्षहरु के कस्ता छन् ?

……………………………………………………………………………………………………

र) बालविकासकेन्द्रले नराम्रो वा नकारात्मक प्रभाव पनि कुनै पारेको छ कि ?

……………………………………………………………………………………………………

ल) नकारात्मक प्रभाव चाहीं के कस्ता देखिन्छन् ?

……………………………………………………………………………………………………

व) समुदायमा बालविकासकेन्द्र सम्बन्धी कस्तो अवधारणा छ ?

……………………………………………………………………………………………………

## अनुसूची – ६

### प्रथमपटकको प्रयोग भाषासम्बन्धी प्रश्नहरु (लिखित परीक्षाबाट प्राप्ताङ्क)

| संख्या | विद्यार्थीको नाम कक्षा-१ | दिएको समस्याको सङ्ख्या | समाधान गरेको समस्याको सङ्ख्या |
|---|---|---|---|
| १) | क्षितिज गोले | १० | २ |
| २) | निरमाया बम्जन | १० | ४ |
| ३) | मुना स्याङतान | १० | १ |
| ४) | नितु गुरुङ | १० | ६ |
| ५) | माया देउला | १० | ४ |
| ६) | सिता मगर | १० | ३ |
| ७) | अर्पण लामा | १० | ५ |
| ८) | कुमार तितुङ | १० | ७ |
| ९) | आशिश गुरुङ | १० | ४ |
| १०) | दिपा बस्नेत | १० | २ |
| ११) | रामकृष्ण कार्की | १० | १ |
| १२) | सुजन थापा | १० | ४ |
| १३) | आशिका के.सी. | १० | ५ |
| १४) | मिलन बस्नेत | १० | ६ |
| १५) | मानबहादुर भण्डारी | १० | ७ |
| १६) | अस्मिता परियार | १० | २ |
| १७) | अनुप परियार | १० | ३ |
| १८) | शान्ती गोले | १० | ३ |
| १९) | रोजिना थापा | १० | २ |
| २०) | राजन बस्नेत | १० | ४ |
| २१) | दिक्षा ढकाल | १० | ३ |
| २२) | विद्या सिङ्तान | १० | २ |
| २३) | निमा रायमाझी | १० | १ |
| २४) | सोनाम लामा | १० | २ |
| २५) | पसाङ बम्जन | १० | ३ |
| २६) | नानु बिष्ट | १० | १ |
| २७) | सोनु लो | १० | १ |
| २८) | दिपा लो | १० | ६ |
| २९) | दिपक घलान | १० | ५ |
| ३०) | युनिस लो | १० | ६ |

# अनुसूची – ७

## बालविकास केन्द्रबाट एक कक्षामा आएकाहरु

| क्र. सं. | नाम | समाधान गरेको समस्याको सङ्ख्या |
|---|---|---|
| १) | निरमाया बम्जन | ४ |
| २) | नितु गुरुङ | ६ |
| ३) | माया देउला | ४ |
| ४) | कुमार तितुङ | ७ |
| ५) | आशिश गुरुङ | ४ |
| ६) | दिपा बस्नेत | २ |
| ७) | सुजन थापा | ४ |
| ८) | मिलन बस्नेत | ६ |
| ९) | मानबहादुर भण्डारी | ७ |
| १०) | शान्ती गोले | ३ |
| ११) | राजन बस्नेत | ४ |
| १२) | अनुप परियार | ३ |
| १३) | दिपा लो | ६ |
| १४) | दिपक घलान | ५ |
| १५) | युनिस लो | ६ |

# अनुसूची – ८

## सिधै एक कक्षामा आएकाहरु

| क्र. सं. | नाम | समाधान गरेको समस्याको सङ्ख्या |
|---|---|---|
| १) | क्षितिज गोले | २ |
| २) | मुना स्याङतान | १ |
| ३) | सिता मगर | ३ |
| ४) | अर्पण लामा | ५ |
| ५) | रामकृष्ण कार्की | १ |
| ६) | आशिका के.सी. | ५ |
| ७) | अस्मिता परियार | २ |
| ८) | रोजिना थापा | २ |
| ९) | दिक्षा ढकाल | ३ |
| १०) | विद्या सिङ्तान | २ |
| ११) | निमा रायमाझी | १ |
| १२) | सोनाम लामा | २ |
| १३) | पसाङ बम्जन | ३ |
| १४) | नानु बिष्ट | १ |
| १५) | सोनु लो | २ |

# अनुसूची – ९

## मध्यक

(अ) **बालविकास केन्द्रबाट आएका**

मध्यक = $\frac{\text{प्राप्ताङ्कको योग}}{\text{विद्यार्थी सङ्ख्या}}$

$$\overline{X} = \frac{71}{15}$$

$$\overline{X}_1 = 4.73$$

(आ) **सिधै एक कक्षामा आएका**

मध्यक = $\frac{\text{प्राप्ताङ्कको योग}}{\text{विद्यार्थी सङ्ख्या}}$

$$\overline{X} = \frac{35}{15}$$

$$\overline{X}_2 = 2.33$$

(ख) **स्तरीय भिन्नता**

(अ) **बालविकास केन्द्रबाट आएका**

| प्राप्ताङ्क *(X)* | $X = (X - \overline{X})$ | $\mathbf{X}^2$ |
|---|---|---|
| ४ | -०.७३ | ०.५३ |
| ६ | १.२७ | १.६१ |
| ४ | -०.७३ | ०.५३ |
| ७ | २.२७ | ५.१५ |
| ४ | -०.७३ | ०.५३ |
| २ | -२.७३ | ७.४५ |
| ४ | -०.७३ | ०.५३ |
| ६ | १.२७ | १.६१ |
| ७ | २.२७ | ५.१५ |
| ३ | -१.७३ | २.९९ |
| ४ | -०.७३ | ०.५३ |
| ३ | -१.७३ | २.९९ |
| ६ | १.२७ | १.६१ |
| ५ | ०.२७ | ०.०७ |
| ६ | १.२७ | १.६१ |
| | | $\sum X^2 = 32.89$ |

$$\pm = \sqrt{\frac{\sum X^2}{N}}$$

$$\pm = \sqrt{\frac{32.89}{15}}$$

$$\pm = \sqrt{2.19}$$

$$\pm = 1.48$$

(आ) सिधै एक कक्षामा आएकाहरु

| प्राप्ताङ्क *(X)* | $X = (X - \overline{X})$ | **$X^2$** |
|---|---|---|
| २ | -०.३३ | ०.१० |
| १ | -१.३३ | १.७६ |
| ३ | ०.६७ | ०.४४ |
| ५ | २.६७ | ७.१२ |
| १ | -१.३३ | १.७६ |
| ५ | २.६७ | ७.१२ |
| २ | -०.३३ | ०.१० |
| २ | -०.३३ | ०.१० |
| ३ | ०.६७ | ०.४४ |
| २ | -०.३३ | ०.१० |
| १ | -१.३३ | १.७६ |
| २ | -०.३३ | ०.१० |
| ३ | ०.६७ | ०.४४ |
| १ | -१.३३ | १.७६ |
| २ | -०.३३ | ०.१० |
| | | $\sum X^2 = 23.2$ |

$$\pm = \sqrt{\frac{\sum X^2}{N}}$$

$$\pm = \sqrt{\frac{32.2}{15}}$$

$$\pm = \sqrt{1.54}$$

$$\pm = 1.24$$

# अनुसूची – १०

## सामाजिकीकरण प्रक्रियाहरु

| नाम | बालगीत गाउन | अभिवादन | कथा भन्ने | शिक्षकले भनेका कथा ध्यानपुर्वक सुन्ने | शिक्षकसंग दोहोरो कुरा | घर जाने बेला बिदाई |
|---|---|---|---|---|---|---|
| निरमाया बम्जन | गाउने | गर्ने | छैन | सुन्नेगरेको | गर्ने | गर्ने गरेको |
| क्षितिज गोले | नगाउने | गर्ने | छैन | छ | सोधेको मात्र | गर्ने (कहिलेकाहि) |
| नितु गुरुङ | अलि-अलि जानेको | गर्ने | अपूरो भन्ने | छ | गर्ने | गर्ने |
| मुना स्याङतान | नजानेको | सिकाए पछि मात्र गर्ने | छैन | छ | नगर्ने | बिर्सिने तर संभाए गर्ने |
| माया देउला | गाउने | गर्ने | छैन | छ | गर्ने | गर्ने |
| सिता मगर | नगाउने | सिकाए पछि मात्र गर्ने | छैन | छ | नगर्ने | नगर्ने |
| कुमार तितुङ | नगाउने | गर्ने | छैन | छ | गर्ने | गर्ने |
| अर्पण लामा | नगाउने | सिकाए पछि मात्र गर्ने | छैन | छ | नगर्ने | कहिलेकाहि मात्र गर्ने |
| आशिश गुरुङ | गाउने | गर्ने | अपूरो भन्ने | छ | गर्ने | नगर्ने |
| रामकृष्ण कार्की | नगाउने | सिकाए पछि मात्र गर्ने | छैन | अलि-अलि मात्र | नगर्ने | नगर्ने |
| दिपा बस्नेत | गाउने | गर्ने | छैन | छ | गर्ने | कहिलेकाहि गर्ने |
| आशिका के.सी. | नगाउने | नगर्ने | छैन | छैन | नगर्ने | नगर्ने |
| सुजन थापा | अलि-अलि गाउने | गर्ने | अपूरो भन्ने | छ | गर्ने | गर्ने |
| अस्मिता परियार | गाउने | गर्ने | छैन | छ | गर्ने | गर्ने |
| मिलन बस्नेत | अलि-अलि गाउने | गर्ने | छैन | छ | सोधेको मात्र जवाफ दिने | गर्ने |
| रोजिना थापा | नगाउने | नगर्ने | छैन | थोरै मात्र | शिक्षकसंग डराउने | नगर्ने |
| मानबहादुर भण्डारी | नगाउने | गर्ने | छैन | छ | गर्ने | गर्ने |
| दिक्षा ढकाल | अलि-अलि गाउने | सिकाए मात्र गर्ने | छैन | छ | नगर्ने | संभाउदा मात्र गर्ने |
| शान्ती गोले | अलि-अलि गाउने | गर्ने | अपूरो भन्ने | छ | गर्ने | गर्ने |
| विद्या सिङ्तान | नगाउने | नगर्ने | छैन | छैन | नगर्ने (डराउने) | नगर्ने |
| राजन बस्नेत | गाउने | गर्ने | छैन | छ | गर्ने | गर्ने |
| निमा रायमाभी | अपूरो गाउने | सिकाए मात्र गर्ने | छैन | छ | नगर्ने | कहिलेकाहि गर्ने |
| अनुप परियार | नगाउने | गर्ने | छैन | छ | नगर्ने | नगर्ने |
| सोनाम लामा | नगाउने | नगर्ने | छैन | छैन | नगर्ने (डराउने) | नगर्ने |
| दिपा गोले | गाउने | गर्ने | अपूरो भन्ने | छ | गर्ने | गर्ने |
| पसाङ बम्जन | अपूरो गाउने | सिकाउंदा गर्ने | छैन | छ | सोधेको जवाफ दिने | कहिलेकाहि मात्र गर्ने |
| दिपक घलान | गाउने | गर्ने | छैन | छ | गर्ने | गर्ने |
| नानु बिष्ट | नगाउने | सिकाउंदा मात्र गर्ने | छैन | छ | नगर्ने | नगर्ने |
| युनिस लो | अपूरो गाउने | गर्ने | छैन | छ | गर्ने | गर्ने |
| सोनु लो | नगाउने | नगर्ने | छैन | छ | नगर्ने (डराउने) | छैन |

स्रोत - स्थलगत अध्ययन

## अनुसूची – ११

## गणित र विज्ञान विषय सम्बन्धित प्रश्नहरुको समस्या समाधान गर्नेहरुको नामावली

| जम्मा समस्या सङ्ख्या | समाधान सङ्ख्या/प्राप्ताङ्क | समाधान गर्नेहरुको नाम |
|---|---|---|
| १० | ८ | मानबहादुर भण्डारी |
| १० | ७ | कुमार तितुङ, नितु गुरुङ, मिलन बस्नेत, दिपा लो , युनिस लो |
| १० | ६ | दिपक घलान, अर्पण लामा, आशिका के.सी., निरमाया बम्जन |
| १० | ५ | माया देउला, आशिश गुरुङ, सुजन थापा, राजन बस्नेत, शान्ती गोले, अनुप परियार, सिता मगर |
| १० | ४ | दिक्षा ढकाल, पसाङ बम्जन, दिपा बस्नेत, क्षितिज गोले, अस्मिता परियार, रोजिना थापा, विद्या सिङ्तान |
| १० | ३ | सोनाम लामा, सोनु लो, मुना स्याङतान, रामकृष्ण कार्की, निमा रायमाभ्की |
| १० | २ | नानु बिष्ट |